# महिलामाथि हुने घरेलु हिंसाका प्रकार र कारणः दिपायल सिलगढी नगरपालिका वडा नं.६ सिलगढीको समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय अर्न्तगत

स्नातकोत्तर तह समाजशास्त्र विषयको द्धितीय वर्षको

आंशिक पाठ्यभार पूरा गर्नका लागि

डोटी बहुमुखी क्याम्पस

समाजशास्त्र विभागमा

प्रस्तुत शोधपत्र


<u>शोधकर्ता</u>

सतिश गुरुङ्ग

परीक्षा रोल नं. ५९००१०

त्रि.वि.र.नं.: ६–१–५९–१६२–२००६



समाजशास्त्र विभाग

डोटी बहुमुखी क्याम्पस, सिलगढी डोटी


२०७८

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र संकाय
## डोटी बहुमुखी क्याम्पस, सिलगढी, डोटी
## समाजशास्त्र विभाग

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो बर्षको शोध-पत्रको आवश्यकता परिपूर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणमा छात्र सतिश गुरुङ्गले **महिलामाथी हुने घरेलु हिंसाका** प्रकार र कारणहरुः **दिपायल सिलगढी नगरपालिका वडा नं. ६ सिलगढीको समाजशास्त्रीय अध्ययन** विषयक शोधपत्र तयार गर्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र उहाँको उत्तरोत्तर प्रगतीको कामना गर्दै मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................

तिलक राज पाण्डे

(शोधनिर्देशक)

समाजशास्त्र विभाग

डोटी बहुमुखी क्याम्पस, सिलगढी डोटी

मितिः २०७८।...।......

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र संकाय
## डोटी बहुमुखी क्याम्पस, सिलगढी, डोटी
## समाजशास्त्र विभाग

## स्वीकृति पत्र

"महिलामाथी हुने घरेलु हिंसाका प्रकार र कारण: **दिपायल सिलगढी नगरपालिका वडा नं. ६ सिलगढीमा गरिएको एक समाजशास्त्रीय अध्ययन** शीर्षकको शोधपत्र डोटी बहुमुखी क्याम्पस, सिलगढी डोटी मानविकी तथा सामाजिकशास्त्र संङ्काय समाजशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्ने सतिश गुरुङ्गले प्रस्तुत गर्नु भएकोले उक्त शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मुल्यांकन समिति**

| पद | नाम | हस्ताक्षर |
|---|---|---|
| विभागीय प्रमुख | सहप्राध्यापक रुद्रराज जोशी | ............................ |
| आन्तरिक सुपरिवेक्षक | तिलकराज पाण्डे | ............................ |
| वाह्य परीक्षक | शान्ता हमाल | ............................ |

मिति : २०७८/...../...........

# कृतज्ञता ज्ञापन

मेरो जिवनको पहिलो अनुसन्धानको रुपमा "**महिलामाथी हुने घरेलु हिंसाका प्रकार र** कारणः **दिपायल सिलगढी नगरपालिका वडा नं. ६ सिलगढीमा गरिएको एक समाजशास्त्रीय अध्ययन"** शीर्षकमा शोधपत्र तयार गरेको छु । यो शोधपत्र तयार गर्दा केही कुराहरू छुटेको वा नपुग हुन सक्छ जसको लागि क्षमा प्रार्थी छु । यो शोधपत्र तयार गर्नका लागि समयमा नै आवश्यक व्यवस्था मिलाई दिनु हुने डोटी बहुमुखी क्याम्पस प्रमुख श्री दिलानन्द जोशी ज्यू, सहायक क्याम्पस प्रमुख हर्क बहादुर कलेल, अर्जुन बहादुर देउवा ज्यू, समाजशास्त्र विभागीय प्रमुख रुद्रराज जोशी ज्यू, अनुसन्धान समिति सदस्य सह-प्राध्यापक खेमराज पनेरु ज्यू लाई हार्दिक धन्यवाद दिन चाहन्छु । मेरो शोध कार्यलाई अगाडी बढाउन आवश्यक मार्गदर्शन दिनुहुने शोध निर्देशक श्री तिलक पाण्डेय ज्यू प्रति आभारी छु साथै यस शोध कार्यलाई सफल बनाउन सहयोग गर्नुहुने मेरो विभागका गुरुहरूप्रति पनि आभार व्यक्त गर्दछु ।

यस अनुसन्धान कार्यलाई सफल पार्न आफ्ना समय, अनुभव तथा विचारहरू दिएर सहयोग गर्नुहुने यस दिपायल सिलगढी नगरपालिका वडा नं. ६ सिलगढीका स्थानीय महिला उत्तरदाताहरू, मुख्य सूचनादाताहरुका रुपमा जिल्ला समन्वय समिति उप-प्रमुख, अधिवक्ता, महिला अधिकारकर्मी, नेपाल प्रहरीका कर्मचारी, विम्ब साप्ताहिकका सम्पादक, दिपायल सिलगढी नगरपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख प्रति आभार व्यक्त गर्दछु । विविध विषम परिस्थितिमा पनि यहांसम्मको पढाइमा सहयोग र हौसला प्रदान गरिदिनु हुने मेरो ममतामयी माता र जिवनका मार्गदर्शक गुरुहरुप्रति आभारी छु । यस शोधपत्र लेखन कार्यलाई सहजता प्रदान गर्ने परिवारका सबै सदस्यप्रति आभार व्यक्त गर्दछु । शोधपत्र लेखनको कार्यमा आफ्नो प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याएर सहयोग गर्ने सहपाठी साथीहरूलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस शोधपत्रलाई शुद्ध र आकर्षक रूपमा टङ्कन गरी सहयोग पुऱ्याउने धनगढी स्थित लक्ष्मी कम्प्युटर एण्ड स्टेशनरीका मनोज बिष्टलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा मेरो यो सानो प्रयासले महिलाहरूको बारेमा जानकारी हासिल गर्न चाहने महानुभावहरूलाई केही मात्रामा भए पनि सहयोग पुऱ्याउन सक्नेछ भन्ने विश्वास लिएको छु ।

सतिश गुरुङ्ग

# शोधसांर


यो शोध कार्य महिलामाथि हुने घरेलु हिंसाको प्रकार र कारणमा केन्द्रित छ । यसका उद्देश्यहरु  महिलाको सामाजिक, आर्थिक अवस्था पत्ता लगाउनु, महिला माथि हुने गरेको घरेलु हिंसाको प्रकार र कारणहरु पहिचान गर्नु रहेको छ ।  यस शोध कार्यमा वर्णनात्मकका साथै अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ । यस शोधकार्य पूरा गर्नका लागि आवश्यक तथ्यांकका संकलनको प्राथमिक स्रोतमा स्थलगत भ्रमण गरी ४७ परिवारका महिलाहरुसँग अन्तरवार्ता, त्यसैगरी  गहन अन्तरवार्ता, अवलोकन, घटना अध्ययन बिधिको प्रयोग छ ।  द्वितिय स्रोतमा सम्बन्धित दस्तावेज, लेख र रचना अध्ययन गरी संकलन गरिएको छ ।

अध्ययनक्षेत्रको महिलाहरुको अवस्थालाई हेर्दा अधिकाशं महिलाहरु गृहणीको रुपमै घरायसी कामकाजले घरभित्र नै बस्ने गरेको पाईन्छ । उनीहरु शिक्षित हुदाहुदै पनि महिला भएकै कारणवाट घरमा नै सिमित हुनुपर्ने रहेको छ । समाजको परम्परागत सोच, पुरातन मूल्यमान्यता, चालचलनहरु पुरुषवादी सोचवाट निर्देशित रहेको कारण महिलाहरुले आफ्नो बानी, ब्यवहार, आचरण, पेशा अंगाल्नुपर्ने रहेको छ । यस्ता किसिमका सामाजिक मान्यताहरुले गर्दा महिलाहरु आफ्नो चाहना खुसी भन्दा पनि चालचलनलाई निरन्तरता दिने सोचले पनि उनीहरुको पेशालाई समाजले निर्धारण गर्ने गरेको देख्न सकिन्छ ।

यस क्षेत्रका महिलाले शारिरीक, मानसिक र यौनजन्य हिंसाको शिकार हुनुपरेको छ । महिलाहरुमाथि उनीहरुका श्रीमान् तथा परिवारका अन्य सदस्य र समाजका सदस्य समेतवाट घटने घटनालाई ढाकछोप नै गर्नतिर लाग्ने तर सहन नसकी वा विकराल रुप लिएपछी मात्र अन्यत्र कानूनी उपचार तथा समाधानका लागि जाने गरेका छन् । सामाजिक संरचनाले महिलामाथि हुने घरेलु हिंसाका कारणको रुपमा रहेको देखिन्छ । त्यसवाटै लैगिकता, विवाह, धर्म, शिक्षा, राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रहरुमा हुने विभेद, असमानता जस्ता कारणले महिलाहरुप्रतिको दृष्टिकोणमा असमानता सृजना गरिदिने र सोवाट कालान्तरमा महिलाहरु नै पिडित भएका छन् ।

राज्यको तर्फवाट सामाजिक संरक्षण र सुरक्षा सम्बन्धी गरेको विभिन्न नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा जनचेतनाको स्तर वढाई सामाजिक संरचनाका विविध पक्षहरुको सकारात्मक दृष्टिकोणको निमार्ण गरी महिलामाथि हुने घरेलु हिंसा कम गर्न सकिन्छ ।

# बिषय सूची


| | पेज नं. |
|---|---|
| *सिफारिस पत्र* | *i* |
| *स्वीकृति पत्र* | *ii* |
| *कृतज्ञता ज्ञापन* | *iii* |
| *शोधसार* | *iv* |
| *बिषय सूची* | *v-vii* |
| *चित्र सूची* | *viii* |
| *तालिका सूची* | *viii* |


## विषय-सूचि


| | |
|---|---|
| **परिच्छेद एक : परिचय** | **१–६** |
| १.१ पृष्ठभुमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको महत्व | ५ |
| १.५ अध्ययननको सीमा : | ५ |
| १.६ अध्ययनको संगठन : | ६ |
| **परिच्छेद दुई : पुर्व साहित्य सन्दर्भको अध्ययन** | **७-१४** |
| २.१ महिलामाथि हुने घरेलु हिंसाको अवस्था | ७ |
| २.२ विश्व सन्दर्भमा घरेलु हिंसा | १० |
| २.३ दक्षिण एशियामा घरेलु हिंसा | ११ |
| २.४ नेपालमा घरेलु हिंसा | ११ |
| **परिच्छेद तीन : अनुसन्धान पद्धति** | १५-२० |
| ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य | १५ |
| ३.२ अनुसन्धान ढाँचा | १६ |
| ३.३ तथ्याङ्कको स्रोत तथा प्रकृति | १६ |
| ३.४ नमूना छनोट प्रक्रिया | १६ |
| ३.५ तथ्याङ्क संकलन विधिहरू | १७ |

३.५.१ अन्तर्वाता १७
३.५.२ अवलोकन १७
३.५.३ मुख्य सूचनादाताको अन्तवार्ता १७
३.५.४ घटना अध्ययन १८
३.५.५ विभिन्न प्रतिवेदन र सरकारी अभिलेखहरू १८
३.६ तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण १८
३.७ अध्ययनक्षेत्र अनुभव १९
**परिच्छेद चार : तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण २१-४८**
४.१ भौगोलिक अवस्था २१
४.२ अध्ययन क्षेत्रको महिलाहरुको सामाजिक आर्थिक अवस्था २१
४.२.१ जातजाती अनुसार उत्तरदाताहरुको संरचना २२
४.२.२ उत्तरदाताहरुको वैवाहिक स्थिति २३
४.२.३ उत्तरदाताहरुको विवाहको प्रकार २३
४.२.४ उत्तरदाता महिलाहरुको परिवारमा पेशागत अनुपात २५
४.२.५ उत्तरदाता महिलाहरुको शैक्षिक अवस्था २६
४.२.६ उत्तरदाता महिलाहरुको पेशागत तथा जिविकोपार्जनको स्रोत विवरण २७
४.३ सामाजिक सांस्कृतिक हिंसाको अवस्था २८
४.३.१ घरेलु हिंसाका प्रकार २९
४.३.२ घरेलु हिंसाका स्वरुप ३२
४.३.३ शारीरिक हिंसाको अवस्था ३३
४.३.४ हिंसाका दोषिहरु ३४
४.३.५ श्रीमान् द्धारा घटित हिंसाका कारण ३६
४.४ सामाजिक हिंसा प्रति स्थानीय दृष्ट्रिकोण ३७
४.४.१ महिला अधिकार संबन्धी जानकारी ३७
४.४.२ घरेलु हिंसा प्रतिको धारणा ३८
४.४.३ संगठनवारे सचेतनाको अवस्था ३८
४.४.४ महिला विरुद्धहुने घरेलु हिंसाको वढदो वार घट्दो स्वरुपवारे धारणा ३९
४.५ हिंसा विरुद्ध विभिन्न संगठनहरुको भूमिका ३९
४.५.१ पिडितहरुलाई सहयोग गर्ने संस्थाका प्रकारहरु ३९
४.६ महिला विरुद्धहुने घरेलु हिंसाका सामाजिक कारण तथा स्वरुपहरु ४०
४.६.१ महिला विरुद्धहुने घरेलु हिंसावारे सूचनादाताको राय ४१

४.६.२ महिला विरुद्धहुने घरेलु हिंसाको मुख्य सामाजिक कारण वारे सूचनादाताको सुझाब ४२
४.६.३ मुख्य सूचनादातासंगको अर्न्तवार्ताका मुख्य उपलब्धी ४२
४.७ सामाजिक हिंसाका कारणहरु ४४
४.७.१ पितृसत्तात्मक समाज ४५
४.७.२ सामाजिक अभ्यास ४५
४.७.३ धर्म, सांस्कृति र परम्परा ४६
४.७.४ आर्थिक निर्भरता ४६
४.७.५ जनचेतनाको कमी ४७
४.७.६ सिपको अभाव ४८
**परिच्छेद पाँच : सारांश र निष्कर्ष** **४९-५३**
५.१ सारांश ४९
५.२ निष्कर्ष ५२
**सन्दर्भ सामग्री**
**अर्न्तवार्ता प्रश्नावली (Questionnaire)**

# चित्र-सूची

चित्र १: घरेलु हिंसाको चक्र १४

# तालिका-सूची

तालिका १: जातजाती अनुसारको उत्तरदाता विवरण २२

तालिका २: उत्तरदाताहरूको वैवाहिक स्थिति २३

तालिका ३: उत्तरदाताहरूको विवाहको प्रकार २४

तालिका ४: उत्तरदाता महिलाहरु तथा उनीहरुका श्रीमानको पेशागत विवरण २५

तालिका ५: उत्तरदाता महिलाको शैक्षिक विवरण २६

तालिका ६: उत्तरदाता महिलाका श्रीमानहरूको शैक्षिक अवस्था २७

तालिका ७: उत्तरदाता महिलाहरु को पेशागत विवरण २८

तालिका ८: उत्तरदातामाथी हुने हिंसाका प्रकारहरु ३०

तालिका ९: उत्तरदाता महिलामाथि भएको हिंसाको स्वरुप ३२

तालिका १०: उत्तरदाता महिलाहरुको हिंसाका प्रकार ३३

तालिका ११: उत्तरदातामाथी घटीत हिंसाका पिडकहरु ३४

तालिका १२: उत्तरदातामाथी घटीत हिंसाका कारणहरु ३६

तालिका १३: महिला अधिकार संम्बन्धी जानकारी ३७

तालिका १४: उत्तरदाता महिलामाथि भएको हिंसाको कारण तथा स्वरुप ४०

तालिका १५: उत्तरदाता महिलाहरुको आथिृक निर्भरता ४६

तालिका १६: महिला अधिकार र नियम कानून वारे जानकारी ४७

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभुमि

नेपालमा महिला विरुद्धको हिंसाको कुनै एकमात्र प्रकारको नभइकन यसका प्रकार र स्वरुपहरु विभिन्न छन् । आजको सन्र्दभमा यसलाई व्यापकरुपले परिभाषित गर्नुपर्दा महिला विरुद्धको हिंसाभित्र यौन दुर्व्यवहार र यातना, बेचबिखन, बलात्कार, हाडनाता, करणी, यौनजन्य अपराध, दाइजो र दुलहीको मोलतोल, घरेलु, हिंसा, महिलाहरूमाथि हातपात, वैवाहिक बलात्कार, छोराको चाहनाले भ्रूणहत्या, परम्परागत हिंसा (बालविवाह, बहुपत्नी प्रथा, बहुपति-प्रथा, दुलही जलाउने, जारीप्रथा, देउकी प्रथा, वादी प्रथा, झुमा प्रथा र बोक्सी परम्परा), मानसिक यातना, गाली गलौज, लैङ्गिक विभेद इत्यादि पर्दछन् ।

घरेलु हिंसा सबैभन्दा बढी हुने तर सबैभन्दा कम देखिने हिंसाको किसिम हो । यसको विनाशकारी परिणाम पीडितको जीवनमा मात्र नभई बृहत्तर रुपमा परिवार, समुदाय तथा समाजलाई पनि पर्दछ । संसारभर नै घरेलु हिसा मानव अधिकारको एक भयानक समस्याको रुपमा देखिएको छ तर लाज तथा लान्छना लाग्ने त्रासले पीडितहरू आफूमाथि भइरहेको हिंसाका बारेमा कुरा गर्न तथा सहयोग लिन गाह्रो मान्छन् । त्यसैले यो घरभित्रै गपचुप र अदृश्य रहेको छ ।

घर परिवारभित्र हुने विभिन्न प्रकृतिका शोषण, दमन र विभेदलाई घरेलु हिंसा अर्न्तगत राखेर हेर्ने गरिन्छ । यसमा मानसिक यातना देखि यौनजन्य यातना, कुटपिट देखि शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा गरिने विभेदलाई जनाउँछ ।

महिला विरुद्ध हुने घरेलु हिंसा विश्वका सबै देशमा गम्भिर समस्याका रूपमा रहेको छ । विशेष गरी विकासोन्मुख देशका महिलाहरूले गरिबी, शिक्षाको अभाव र वेरोजगारीको समस्याले घरेलु हिंसा सहन बाध्य छन् । यी कुराहरूलाई ध्यानमा राख्दै सरकारी, गैरसरकारी तथा सामाजिक संगठनहरूले महिला विरुद्धको घरेलु हिंसा कम गर्ने विश्व स्तर देखि नै पहल हुँदै आइरहेको छ ।

"विश्व स्वास्थ्य संगठनले १० देशको २४ हजार महिलाहरूमा गरेको अध्ययनले प्रत्येक १० जना महिलाहरूमा ६ जना महिलाहरूले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक र यौनजन्य हिंसा अनुभव गरेको तथ्य पत्ता लगाएको छ । यस्तो हिंसा

महिलाहरूले आफ्नै श्रीमान् (Partner) बाट शहरी क्षेत्रमा जापानमा १५ प्रतिशतदेखि ग्रामिण इथोपियामा ७१ प्रतिशत र औषत ३० दखि ६० प्रतिशत हिंसा भएको प्रतिवेदन सार्वजनिक गरेको छ।" (विश्व स्वास्थ्य संगठन, १९९७)

वर्तमान विश्वको अवस्था हेर्ने हो भने, पूरा विश्व कोरोना भाइरस (कोभिड) सँग लडिरहेका बेला घरेलु तथा महिला हिंसा पनि बढेको पाइएको छ । यू.एन.वुमनका अनुसार लकडाउनको अवधिमा फ्रान्समा ३० प्रतिशत, अर्जेन्टिनामा २५ प्रतिशत, साइप्रसमा ३० प्रतिशत र सिंगापुरमा ३३ प्रतिशतले घरेलु हिंसाका घटना बढेका छन् ।

"अन्तर्राष्ट्रिय सञ्चार माध्यममा प्रकाशित रिपोर्ट अनुसार क्यानडा, जर्मनी, स्पेन, बेलायत र अमेरिकामा पनि महिला हिंसाको घटना लकडाउनको अवधिमा उल्लेख्य रुपमा बढेको छ । लकडाउनको अवधिमा महिला हिंसाको घटना ठुलो संख्यामा बढे पनि ४० प्रतिशत पीडित उजुरी गर्ने ठाउँसम्म पुग्न नपाएको जनाइएको छ । छिमेकी मुलुक भारतमा पनि लकडाउनको बेला महिला हिंसाको घटना दुई गुणाले बढेको छ।" (सुबेदी, २०७७ असार १८)

नेपालको कूल जनसंख्याको वढी हिस्सा महिलाले ओगटेतापनि राज्य संरचनाले सबै क्षेत्र तथा तहहरूमा महिलाको प्रतिनिधित्व अत्यन्तै न्यून रहेको छ । पितृसतात्मक सामाजिक संरचनाले गर्दा देशको सामाजिक, आर्थिक क्षेत्रमा उल्लेखनिय योगदानकर्ताको रूपमा रहेका अधिकांश महिलाहरूले विभिन्न सामाजिक, सांस्कृतिक एवं राजनैतिक क्षेत्रमा असमानता तथा भेदभावको सिकार बन्नु परेको कुरा नेपाली समाजको तितो यथार्थ हो । नेपालको संविधान (२०७२) को धारा ३८ मा महिला अधिकारका विषयहरूलाई मौलिक हकको रूपमा मान्यता दिएता पनि ती व्यवस्थाहरूको उचित कार्यान्वयनको अभावमा महिला र पुरुष बीच समता र समानताको अवस्था कायम हुन नसकि समस्या यथावतै रहेको यसक्षेत्रमा गरिएका धेरै अनुसन्धानहरूले के देखाउँदछ भने महिला बालिकामा गरिने लगानिले गरिबी निवारण र राष्ट्रको समग्र समृद्धिमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्दछ । वर्ल्ड इकोनोमीक फोरमले आफ्नो लैङ्गीक विभिन्नता सम्बन्धी Gender Gap प्रतिवेदनमा विभिन्न देशमा आर्थिक एवं राजनीतिक सहभागिता र शिक्षा तथा स्वास्थ्यमा पहुँचको सन्दर्भमा महिला र पुरुषबीचको विभेद झण्डै समाप्त भैसकेको देशहरू आर्थिक रूपमा अरु भन्दा समृद्ध छन् भन्ने यथार्थलाई उजागर गरिसकेको छ। (नेपाल महिला आयोग, २०६८)।

केन्द्रीय तथ्याङ्क विभागद्वारा लिइएको जनगणना २०६८ अनुसार महिलाको जनसंख्या कूल जनसंख्याको ५१.५४ प्रतिशत रहेको छ भने महिलाको साक्षरता प्रतिशत ५७.४ प्रतिशत मात्रै रहेको छ, जबकि पुरुषको साक्षरता प्रतिशत ७५.१ रहेको छ । समाजमा महिलाको पछौटेपन, महिला विरुद्धको हिंसा, महिलासँग सम्बन्धित विभिन्न सामाजिक-सांस्कृतिक परम्परा आदि सबैको लैंगिक विश्लेषण गर्दा खेरि नेपाली समाजमा विद्यमान पितृसत्ता (Patriarchy) लाई केन्द्र विन्दुको रूपमा राख्नु पर्दछ । नेपाली सामाजिक संरचनाले सार्वजनिक परिधिमा महिलाहरूलाई नियन्त्रण र विशेष गरेर उनीहरूलाई निजी परिधिमा कैद गरी लैङ्गिक असमानता र दमनको सिर्जना गरेको छ (केन्द्रीय तथ्याङ्क, २०६८) ।
अध्ययन क्षेत्रको सन्दर्भमा सबै जाति, जनजाति, क्षेत्र, धर्म, समुदाय आदिमा घरेलु हिंसा हुने गर्दछ । नेपालमा बहुविवाह, बालविवाह, देउकी, धामी, झाकी, वोक्सी आदि प्रथाहरू व्याप्त छ जसले गर्दा प्राचीन कालदेखि हालसम्म महिला माथि निरन्तर हिंसा भइरहेको छ । धरैजसो संस्कृतिले महिलालाई दबाएको छ । महिलाहरूलाई घरायसी निर्णयबाट बञ्चित गरिएको हुन्छ । शिक्षामा उनीहरूले कम अवसर पाउँछन् भने स्रोतहरूमा कमैमात्र पहुँच हुन्छ ।

हाम्रो नेपाल जस्तो विकासोन्मुख देशमा महिलाहरूमाथि हुने घरेलु हिंसा बढीरहेको छ । त्यसमा पनि सुदुरपश्चिमका महिलाले घरेलु हिंसाको मार सहनु परेको छ । यस अध्ययनमा डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ६, सिलगढीमा बसोबास गर्ने महिला माथिहुने घरेलु हिंसाको चर्चा गरिएको छ । यस अध्ययनका क्रममा समुदायका महिलाप्रति हुने गरेको घरेलु हिंसाका कारणहरू खोज्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

पितृसत्तात्मक समाजमा आधारित नेपाली समाज परम्परागत पितृसत्तात्मक हिन्दु दर्शनबाट प्रभावित हुनुका साथै नेपाली समाजमा लैङ्गीक विभेद र असमानताहरू पाइन्छन् । महिलाहरूलाई पुरुषभन्दा दोस्रो दर्जामा राखिएको छ नेपालको समाजमा । आज पनि प्रत्येक घर महिला माथि हुने हिंसाको प्रसङ्गले भरिएको छ । महिला दिदीबहिनीले कहिले छोरी, कहिले दिदी त कहिले आमा र भाउजू भएर आफ्नो दायित्व पूरा गर्दागर्दै पनि पुरुषहरूद्वारा पीडित हुनु पर्दछ । वास्तवमा शारीरिक यातनालाई मात्र हामी हिंसा मान्न सक्दैनौं । मानसिक धार्मिक तथा कानूनी नेपाली समाजमा यस्ता विभिन्न महिला हिंसाका घटनाहरु

घटि रहेका छन् । जसका न्यूनीकरणका प्रयास भएका छन् । तर पनि महिला हिंसामा कमि आएको देखिदैन । २१औं शताव्दीमा आइपुग्दासम्म पनि समाजले महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकेको छैन ।

महिला विरुद्ध हिंसा मानव विरुद्धको हिंसा हो, यसले मानव विकासमा अवरोधको अवस्था सृजना गरेको हुन्छ । विस्तारै शिक्षित भइरहेको आजको युगमा यस्तो हिंसाको विरोध गरौं, दण्डहिनताको अन्त गरौं भनेर आवाज उठाउन थालेको धेरै समय भइसकेको छ, विश्वभरिका महिलाहरूविच हुने विभिन्न हिंसा तथा भेदभावहरू कसरी निर्मूल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा अन्तर्राष्ट्रिय प्रयास स्वरुप विश्व महिला सम्मेलनहरू भइसकेका छन् । नेपालका विभिन्न धार्मिक संस्कार र परम्पराहरू नै महिला विरुद्धको हिंसाका प्रतिरूप हुन् । त्यसैले अझै पनि विभिन्न कानूनी प्रयास, सामुहिक प्रयास, संस्थागत प्रयास हुँदा पनि किन महिला हिंसामा कमि आउन सकेको छैन भन्ने विषय अनुसन्धानको मुद्धा बनेको छ ।

समाजमा महिलाहरूलाई शोषण दमन, विभेद कसरी, के कारणले भइरहेको छ ? ती समस्या पहिल्याउनु आज आवश्यक देखिन्छ ।

समस्यालाई पहिल्याई समस्या निराकरण गर्न नेपालमा महिलाको स्थिति र लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्थाहरूको अध्ययनको खोज अनुसन्धान गरिएको छ । प्रस्तुत अनुसन्धान निम्न प्रश्नको सेरोफेरोमा केन्द्रित रहि गरिएको छ ।

- महिलाहरूको सामाजिक, आर्थिक अवस्था कस्तो रहेको छ ?
- अध्ययन क्षेत्रका महिला कस्ता प्रकारको घरेलु हिंसाबाट पीडित छन् ?
- उनीहरूले भोगीरहेका घरेलु हिंसाका कारणहरू  के के हुन्?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनको आफ्नै निर्दिष्ट उद्देश्यहरू रहेका हुन्छन् । उद्देश्यविनाको कार्य गर्नु भनेको एउटा गन्तव्य विहिन यात्रीको स्थिति जस्तै हो । यसकारण कुनै पनि कार्यलाई सफलता पूर्वक सम्पन्न गर्नका लागी केही उद्देश्यहरू निर्धारण गर्नुपर्ने हुन्छ । यस अनुसन्धानको लागी निम्न उद्देश्य राखिएको छ :

- महिलाको सामाजिक, आर्थिक अवस्था पत्ता लगाउनु,
- महिला माथि हुने गरेको घरेलु हिंसाको प्रकार अवस्था पहिचान गर्नु ।

➢ महिला माथि हुने घरेलु हिंसाको कारणहरु पहिचान गर्नु

## १.४ अध्ययनको महत्व

वर्तमान समाज विगतको समाजबाट परिवर्तित हुँदै वैज्ञानिक तथा आधुनिक युगमा आई पुगेको छ । आधुनिकीकरणले महिला माथिको दृष्टिकोणमा अझै पनि सकरात्मक परिवर्तन ल्याउन सकेको छैन । नेपालको सन्दर्भमा विभिन्न पिछडिएका वा अविकसित स्थलहरुमा घरेलु हिंसाहरु देखिन्छन् । घरेलु हिंसा भोगिरहेका महिलाहरुले शारीरिक, मानसिक, यौनिक, आर्थिक तथा सामाजिक यातना सहनु परेको छ । समाजशास्त्रीय दृष्टिकोणमा हिंसा सामाजिक व्यवस्था र संरचनाको उपजको रुपमा लिने गरिन्छ । खास रुपमा भन्नु पर्दा घरेलु हिंसा सामाजिक रोगको रुपमा रहेको पाईन्छ । महिलावादीहरुका अनुसार समाजिक संरचना र सामाजिक पक्षहरुले महिलामाथि हुने घरेलु हिंसा घटने गरेको हुन्छ भन्ने भनाईको औचित्य खोज्न यस अध्ययनले सिलगढीका महिलाहरुमा हुने घरेलु हिंसाका वारेमा अध्ययन गर्दछ । साथै घरेलु हिंसाका कारण तथा महिलाहरुको सामाजिक आर्थिक अवस्था वारेमा पनि अध्ययन गर्ने भएकाले यसको छुट्टै महत्व छ । अहिले सम्म यहाँका महिलाहरुमाथि के-कस्तो किसिमको घरेलु हिंसा भईरहेको छ र यहाँका महिलाहरुको सामाजिक आर्थिक अवस्था कस्तो छ ? भन्ने वारे अध्ययन अवलोकन तथा अनुसन्धान हुन नसकेकोले यस अध्ययनले सिलगढी समुदायका महिलाहरुको वारेमा जानकारी लिन चाहाने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुलाई सहयोग गर्नुका साथै यस अध्ययनले योजनाविद् नीति निर्माण तथा विकासका क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्न सक्छ ।

## १.५ अध्ययननको सीमा :

महिलाहरुमाथि हुने हिंसाका कारण र स्वरुप अध्ययनका लागी आवश्यक स्रोत साधन र समयको सीमिततालाई ध्यानमा राख्दै महिला हिंसाको वारेमा अध्ययन गर्दा निम्न सीमाहरु रहेका छन् ।

➢ यो डोटी जिल्ला दिपायल सिलगढी वडा न. ६ सिलगढीका महिलाहरुको मात्र अध्ययन हो ।

➢ यो अध्ययन समाजशास्त्र स्नातकोत्तर तहका लागी आंशिक कार्य परिपुर्ति गर्न तयार पारिएको हो ।

- यो अध्ययनको निश्कर्ष नेपाल भरिका तमाम महिलाहरुको अध्ययनसँग सामान्यीकरण हुन सक्दैन ।
- यो अध्ययन गर्दा पुरुषहरुको विचारलाई समावेश गर्न सकिएको छैन ।
- यो अनुसन्धानमा वर्णनात्मक ढाँचाको बढी प्रयोग गरिएको छ ।
- यस अनुसन्धानमा मात्रात्मक प्रकृति सहित सारमा गुणत्मक तथ्याङ्कहरुको प्रयोग बढी गरिएको छ ।
- अवलोकन विधि, अन्तर्वाता विधि, घटना अध्ययनको आधारमा निश्कर्ष निकालिएको छ ।

## १.६ अध्ययनको संगठन

यस शोधपत्रमा जम्मा पाँच अध्याय रहेका छन् । अध्याय एकमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व/सान्दर्भिकता, अध्ययनको सीमा र अध्ययनको संगठन रहेका छन् । अध्याय दुईमा सन्र्दभ साहित्यको अध्ययन रहेको छ । यस भित्र विश्वब्यापी सर्न्दभमा, नेपालको सर्न्दभमा, महिला विरूद्धको घरेलु हिंसाको अवधारणात्मक खाका रहेका छन् ।

अध्याय तीनमा अनुसन्धान विधिहरु अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य, अनुसन्धान ढाँचा, तथ्यहरूको स्रोत तथा प्रकृति, समग्र तथा नमूना छनोट प्रक्रिया, तथ्याङ्क संकलन विधिहरु र यस अर्न्तगत द्वितीय स्रोत, विभिन्न प्रतिवेदन र सरकारी अभिलेखहरु रहेका छन् । यसैगरी तथ्याङ्क विश्लेषण र अध्ययनक्षेत्र अनुभवबारे चर्चा गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्र, महिला हिंसाका प्रकार र कारणहरु अन्तर्गत विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ । उक्त अध्यायमा जनसंख्या, परिवारको प्रकार, जातिगत विवरण, शैक्षिक अवस्था, आर्थिक अवस्था तथा धर्म शीर्षक माथि चर्चा गरिएको छ । त्यस्तै यसै अध्यायभित्र उत्तरदाता महिलाप्रति गरिने घरेलु हिंसाको बेलाको विवरण पनि चर्चा गरिएको छ । अध्याय पाँचमा सारांश र निष्कर्ष रहेका छन् ।

# परिच्छेद दुई : पुर्व साहित्य सन्दर्भको अध्ययन

## २.१ महिलामाथि हुने घरेलु हिंसाको अवस्था

"पूर्व साहित्यको समिक्षा अध्ययन अनुसन्धानको लागी महत्वपूर्ण स्रोतको रुपमा मान्न सकिन्छ । विश्वव्यापी सन्दर्भमा महिलाहरूमाथि हुने घरेलु हिंसा संसारभरी नै तिव्र रुपमा फैलिएको एक विश्वव्यापी समस्या रुपमा रहेको छ । समाजमा महिलाहरुलाई पुरुष भन्दा निम्न स्तरमा राख्ने र उनीहरुको सामाजिक आर्थिक स्थितिलाई न्यून राखिरहने काम समाजमा परम्परादेखि नै हो । विभिन्न स्थानमा त्यहाँको समाज र संस्कृति अनुसार फरक-फरक किसिमले यसले जरा गाडेको छ । यस प्रकारका समस्याहरु समाधानका लागी के कस्तो कार्य गर्ने भन्ने सम्बन्धमा आज संसारमा महिला सम्बन्धी विभिन्न सिद्धान्त निर्माण भईरहेका छन् । महिला सम्बन्धी समस्या, लैङ्गिक हिंसासम्बन्धी अवधारणा, लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय व्यवस्थाहरु गरिएको पाईन्छ ।

सन् १९७५ मा संयुक्त राष्ट्रसघंले महिलासम्बन्धी विविध विषयहरुमा प्रथम विश्व महिला सम्मेलन मेक्सिको शहरमा भएको थियो । उक्त सम्मेलनले महिलाहरुको साझा, अन्ताष्ट्रिय कानून तथा अधिकारहरुका रुपमा स्विकारीएको उद्देश्य समग्र समाज, परिवार र राष्ट्रिय, अन्तराष्ट्रिय एवम् विश्वकै भलाई र शान्तिका लागी महिलाहरुलाई समान रुपले सहभागी गराई समानता ल्याउने रहेको थियो । सन् १९८० मा डेनमार्कको राजधानी कोपेनहेगनमा भएको दोस्रो विश्व महिला सम्मेलनको उद्देश्यमा महिलाहरुको लागि स्वास्थ्य, रोजगारी, शिक्षाको अनिवार्य सवालहरुलाई प्रमुख प्राथमिकता दिइनुका साथै विकास कार्यमा महिला सहभागिता सहितको विकासलाई जोड दिइयो । केन्याको राजधानी नैरोवीमा भएको तेस्रो विश्व महिला सम्मेलन १९८५ मा महिलाहरुलाई पुरुष सरह शिक्षाको अवसर प्रदान गरिनु पर्दछ भनि सबै राष्ट्रका प्रतिनिधिहरुद्धारा शिक्षा दिने कुरामा सहमति गरियो । तीनवटा विश्व सम्मेलन भईसक्दा पनि महिलाको सम्बन्धमा उल्लेखनीय प्रगति हुन नसकेकाले उनीहरुलाई विकासका प्रत्येक पक्षमा पूर्ण सहभागी गराउने कार्यनीति तथा कार्यक्रम तर्जुमा गर्नका लागी सन् १९९५ मा चीनको बेइजिङमा चौथो विश्व महिला सम्मेलन आयोजना गरियो जसको घोषणामा विश्वका सम्पूर्ण महिलाहरुको उन्नतिका निम्ति समानता, विकास र शान्तिको लक्ष्य पूरा गर्ने । गरिबी नै महिलाहरुको उत्थानका निम्ति ठूलो बाधकका रुपमा रहेको छ । तसर्थ यस्ता अवरोधहरुलाई हटाई महिलाको मौजुदा परिस्थितिमा सुधार ल्याउने रहेको छ । सोहि विश्व महिला सम्मेलनको अनुसार महिला

विरुद्ध हुने हिंसा भनेको एउटा समुहमाथि अर्को शक्तिशाली समूहले गरेको शारीरिक आक्रमण हो । जुन आक्रमण लैङ्गिक आधारमा हुने गर्दछ । यसरी गरिने लैङ्गिक हिंसाले महिलाहरूको स्वेच्छिक स्वतन्त्रता मानव अधिकार र महिला अधिकारको हनन् गरेको हुन्छ । परिणमस्वरुप यसरी हुने हिंसाको अन्त्यका लागी सशस्त्र संघर्ष गर्न जरुरी छ ।" (आचार्य, २०७१)

"उन्नाईसौं शताब्दीका प्रख्यात महिलावादी हेरिट टेलरले महिलाहरुलाई घरबाहिरका कार्य गर्ने स्वतन्त्रता निकै आवश्यक हो ! भन्ने वकालत गरिन् । यसै समयमा जे.एस.मिलले महिलाहरु वस्तवमा नै पुरुषसरह समान छन् नकी प्राकृतिक रुपमा महिलाहरु पुरुष सरह काम गर्न सक्दैनन् भन्ने केवल गलत बुझाई मात्र हो ! भन्ने तर्क राखे । उनले जैविकीय रुपमा महिला र पुरुषवीच केही फरक अवस्था भएपनि वौद्धिक र नैतिक रुपमा यी दुई महिला र पुरुषवीच फरक छ भन्ने सामाजिक मान्यतालाई स्विकार्न नसकिने तथ्य औंल्याएका छन् । मार्क्सवादी महिलावादीहरुले पूंजीवादी व्यवस्थाभित्र रहेका घरायसी तहको वा पारिवारिक तहको श्रम विभाजको प्रणाली, प्रक्रिया र मान्यता माथि तिव्र आलोचना गरेका छन् की यस पुंजीवादी ढांचामा परिवारस्तरबाटै श्रमको शोषण भएको छ । कम वेतन दिइएको छ । कमसल काममा लगाइएको छ । गलत सामाजिकीकरणले प्रक्रिया अवलम्बन गरिएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यमा गणना गरिएको छैन । यी सबैका पछाडी पूंजीवादी उत्पादन उद्देश्य गाँसिएको छ । मार्क्सवादीहरु वर्तमान संरचनालाई सुधार नगरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्दछन् तर पनि उनीहरु वर्तमान संरचनामा समान ज्याला, कामका समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मुल्याकंन, व्यवहारिक श्रम विभाजन आदिलाई वढी जोड दिन्छन् । आमूल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरु शोषित देखिएका छन् भन्ने मान्यता राख्दै त्यसैले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाहरुको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । आमूल नारीवादले महिलाको दमन र विभेदलाई सार्वभौम तितो यर्थाथ मान्दछ । महिलाको मूल्यको अवमूल्यन भएको ठान्दछ । यसले विज्ञापनमा महिला यौन सुन्दरता, यौन पर्यटन जस्ता पक्षको ठाडो विरोध गर्दछ । उनीहरुले महिलाको अवस्था बुझ्न अन्तरसांस्कृतिक विविधता बुझ्नुपर्ने ठान्दछन् । महिलाहरु विचको सञ्जाल विकास गरी दिदीवहिनीत्वको विकासका माध्यमबाट पितृसत्तात्मक विभेद, दमन र त्यसप्रतीको निर्भरता हटाउन चुनौती

खडा गर्नुपर्ने ठान्दछन् । आमूल महिलावादीहरुले समाजको राजनैतिक संरचनामा महिलाका विभेद र शोषणलाई बुझ्न राजनीतिलाई पनि अध्ययनको विषय बनाउनु पर्दछ भन्ने ठान्दछन् ।" (आचार्य, २०७१)

"नेपाली सन्दर्भमा भन्नुपर्दा "कुनै पनि महिला जन्मेदेखि मृत्यु नहुँदासम्म व्यक्तिगत रूपमा स्वतन्त्र नभएको अवस्था देखिन्छ ।" जब बच्चा महिलाको रूपमा जन्मन्छ उसले सुरुमा आफ्नो बाबुको नियन्त्रणमा बस्नुपर्छ त्यसपछि जब उसको विवाह हुन्छ ऊ आफ्नो श्रीमान्को सम्पत्तिको रूपमा दाखिला हुनुपर्छ र श्रीमान्को मृत्यु पश्चात् पनि ऊ आफ्नो छोरा नातिको नियन्त्रणमा बस्नु पर्ने बाध्यता छ । तसर्थ एउटा महिलालाई आफ्नो जीवनभर आफ्नो अधिकारको निर्णय गर्नबाट बञ्चित गराई पिँजडाको घेरा जस्तै चारैतिरबाट नियन्त्रणमा राख्ने प्रवृत्ति देखिन्छ ।" (राष्ट्रिय महिला आयोग, २०५९)

"घरेलु हिंसालाई मानव विरुद्धको कार्य पनि भनिन्छ । एउटी महिला श्रीमान् वा केटाको तुलनामा घरेलु हिंसाबाट पीडित भएको पाइन्छ । जस्तै हिर्काउने, कपाल भुत्लाउने, लात हान्ने, जलाउने, जुन पायो त्यही हातहतियारले झटारो हान्ने आदि हिंसाबाट पीडित भएको पाइन्छ । महिला विरुद्ध हुने हिंसा परम्परागत तथा प्रभुत्व हिंसाको रूपमा रहेको छ । जसको प्रभुत्वको कारण समाजमा परम्परागत रूपमा रहेको धर्म, परम्परा तथा कुरीति हो । जसले पितृसत्तालाई प्रश्रय प्रदान गरेको छ । हिंसा सामाजिक समस्या हुनुका साथै महिलाको स्वास्थ्यमा आउने असर पनि हो । तसर्थः विकसित तथा विकासोन्मुख सबै मुलुकमा हिंसा विरुद्धको खोज अनुसन्धान गर्न जरूरी छ ।" (UNDP, 1998)

"घरेलु हिंसा भनेको महिला विरुद्धको सबैभन्दा पुरानो रूप हो । हिंसाले घरेलु महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ । महिला सम्बन्धी संस्थाका प्रतिनिधि सबैको मुख महिला हितको अवसर र चुनौतीको विषयमा भाषण गरिरहेका हुन्छन् तर सुन्तली धामी जस्ता महिलाको व्यथा भने ज्यूकोत्यू छ । "म डायन होइन मलाई न्याय देऊ" बोक्सीको आरोपमा गाउँलेबाट कुटिएकी गौरीदेवी तुराको दुखेसो २१ औँ शताब्दीको मानव जातिमाथि हुने हिंसा एक प्रश्न चिन्ह खडा गर्ने गरी महिलामाथि हुने हिंसा एक गम्भीर रूपमा उभिएको छ । जसमा उनलाई छिमेकीका छोरीलाई भुतप्रेत लगाएको भन्दै कुटपिट गरिएको थियो । यो सबै हुनुको प्रमुख कारण शिक्षाको कमी हो तर शिक्षित मान्छेले पनि यस्तो कार्य गर्नुको पछाडि आधुनिक सञ्चारको

दुरूपयोगले गर्दा हो । यदि महिलालाई तथा समाजलाई जागरूक बनाई पुरुष प्रधान समाजमा पुरुषले सकारात्मक सोच राख्न सके पक्कै पनि हिंसाको अन्त्य गर्न सकिन्छ ।" ( कान्तिपुर, २०६८, वैशाख १२ गते)

## २.२ विश्व सन्दर्भमा घरेलु हिंसा

विश्वका सबै देशमा गम्भिर समस्याका रूपमा रहेको महिला विरुद्ध हुने घरेलु हिंसा विशेषगरी विकासोन्मुख देशका महिलाहरूले गरिबी, शिक्षाको अभाव र वेरोजगारीको समस्याले घरेलु हिंसा सहन बाध्य छन् । सरकारी, गैरसरकारी तथा सामाजिक संगठनहरूले महिला विरुद्धको घरेलु हिंसा कम गर्ने विश्व स्तरदेखि नै पहल हुँदै आइरहेको छ । विश्व स्वास्थ्य संगठनले १० देशको २४ हजार महिलाहरूमा गरेको अध्ययनले प्रत्येक १० जना महिलाहरूमा ६ जना महिलाहरूले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक र यौनजन्य हिंसा अनुभव गरेको तथ्य पत्ता लगाएको छ । यस्तो हिंसा महिलाहरूले आफ्नै श्रीमान्बाट सहरी क्षेत्रमा जापानमा १५ प्रतिशतदेखि ग्रामिण इथोपियामा ७१ प्रतिशत र औषत ३० दखि ६० प्रतिशत हिंसा भएको प्रतिवेदन सार्वजनिक गरेको छ । (UNDP, 1998)

साथीको १९९७ को प्रतिवेदन अनुसार घरेलु हिंसामा पीडित मध्ये ५८ प्रतिशतले मात्र उजुरी गर्दछन् भने बहुविवाहमा ६४ प्रतिशत, यौनजन्य दुव्यवहारमा ४८ प्रतिशत र बलात्कारमा ३० प्रतिशत ले उजुरी गरिएको पाइएको छ (MGEP/2058) । संयुक्त राष्ट्र संघ, महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समित (CEDAW, COMMITTEE) को सिफारिस नं. १९ अनुसार घरेलु हिंसा भनेको महिला विरुद्धको हिंसाको सबैभन्दा पुरानो स्वरूप हो । यो सबै किसिमको समाजमा प्रचलित छ । घरेलु महिलाको स्वास्थ्यलाई खतरामा परिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ । अतः राज्य पक्षले सार्वजनिक वा निजी कुनै पनि क्षेत्रमा लिङ्गको आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्छ।

सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सन्दर्भले त्यहाँको महिला विरुद्ध हिंसाको स्वरूप निर्धारण गर्दछ । हालको दिनमा हेर्ने हो ! भने आज त्यस्तो कुनै पनि राष्ट्र छैन जहाँ महिलाहरू हिंसाबाट मुक्त छन् । क्यान्सर, मलेरिया, दुर्घटना र युद्धमा मारिएका

महिलाहरूको संख्या २० भन्दा बढि १४ देखि ४५ वर्षका महिलाहरू पुरुषबाट हुने हिंसाबाट घाईते र मृत्यु भएको छ ।। (UNDP, 2008)

आज पूरा विश्वनै अदृश्य दुस्मनको विरुद्ध कठिन र डरलाग्दो युद्ध लड्दै छ । विश्व महामारी कोभिड दिनदिनै डरलाग्दो बन्दै गइरहेको बेला विश्वमा घरेलु हिंसामा पर्ने पीडितको संख्या पनि उस्तै गरि बढिरहेको अवस्था छ ।

सबैको ध्यान कोरोनामा सिमित भैरहँदा लाखौं महिला बालबालिका, अशक्त, बुढाबढी, र कतिपय पुरुष पनि शारीरिक, मानसिक, आर्थिक, यौनजन्य घरेलु हिंसाको सिकार बन्न बाध्य छन् । घरेलु हिंसा एउटा परिवारभित्र घरेलु सम्बन्धमा बसेका जोकोही कुनै एक सदस्यले अर्को सदस्यलाई गरिने हिंसा हो । अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध पनि घरेलु सम्बन्धमा पर्दछ ।

## २.३ दक्षिण एशियामा घरेलु हिंसा

अधिकांश दक्षिण एशियाका देशहरू पुरुषप्रधान छन् । यहाँ महिलाहरूले पुरुषको सहयोगीको रूपमा दोश्रो दर्जाको हैसियतमा कार्य गर्नु पर्ने हुन्छ । यी देशहरूमा घरेलु हिंसा जल्दोबल्दो रूपमा रहेको छ । UNCEF (1996) का अनुसार दक्षिण एसियन संस्कृतिमा महिलाहरूलाई तल्लो स्तरमा राखेको छ । सांस्कृतिक अभ्यासले परिवारमा बुहारीको अवस्था अत्यन्त न्यून छ यति सम्म की बुहारीले गर्भावस्थामा गाह्रो काम गर्नु पर्छ तर खाना भने कम दिइन्छ ।

## २.४ नेपालमा घरेलु हिंसा

घरेलु हिंसा अपराध हो, अपराध भैरहेको देखेर मौन बस्ने मान्छे पनि अपराधी हो । घरेलु हिंसा सम्बन्धी कुनै किसिमको घटना घटेको अवस्थामा प्रचलित कानून बमोजिम काम-कारबाही र सजायहरु उपलब्ध छन् । नेपालको सन्दर्भमा घरेलु हिंसामा बढी महिलाहरु परेका छन् ।

“सुदुरपश्चिमतिर हुने हिंसाका विभिन्न प्रकारका देउकी प्रथा वादी, छाउपडी रहेका छन् । त्यो भन्दा पनि बोक्सीको आरोपमा दिसा पिसाव खुवाउने कुरो पनि सुदुरपश्चिमका लागी नौलो होइन । अझै बालविवाह र बहुविवाह, दाइजो प्रथाले पनि प्रश्रय पाउँदै आएको छ ।

"विवाह गर्दा वेहुला परिवारले मागे जति दाइजो नल्याए परिवारका सम्पूर्ण सदस्यहरू मिलेर वेहुलीलाई विभिन्न प्रकारका मानसिक पीडा दिने, असहयोग गर्ने, कुटपिट गर्ने र ज्यानसम्म लिएका घटनाहरू दैनिक पत्रपत्रिका मार्फत सार्वजनिक भईरहेका छ । दैनिक रूपमा घर भित्र हुने गरेका शोषण, दमन र विभेदहरू नै घरेलु हिंसा हुन् । यस्ता प्रकृतिका हिंसाहरू महिला मानव अधिकार विरुद्ध हो । जुन प्रत्येक समाजमा विद्यमान रहेको छ । दिन प्रतिदिन यस्ता घरेलु हिंसाहरू समाजमा बढ्दै गइरहेको छ ।" (आचार्य, १९९७ )

"महिलालाई गरिने गाली बेइज्जती, पारिवारीक भेदभाव, दाईजो नल्याउनाका कारण गरिने भेदभाव, श्रीमान् श्रीमतीको ईच्छा विपरित राख्ने यौन सम्पर्क, छोरा पाउनु पर्ने बाध्यता, घरमा सबै भन्दा पछि खाना खानुपर्ने चलन जस्ता सम्पूर्ण कुराहरू महिला हिंसाका स्वरूपहरू हुन् । यस्ता सम्पूर्ण खाले हिंसाहरूबाट महिलाहरूको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्दछ ।" (राजभण्डारी, २०५५)

"महिला विरुद्धको अपराध र नियन्त्रण सम्बन्धि कानूनी पक्ष" सम्बन्धि प्रतिवेदनमा महिला तथा बालवालिका माथि घरभित्र हुने व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरू आफ्नै घरभित्र पिटिन्छन्, बलात्कृत हुन्छन्, जवरजस्ती देहव्यापारमा लगाइन्छन्, यौन दासको रूपमा राखिन्छन् । इच्छा विपरीत गर्भ, बाल विवाह, अनमेलविवाह, वहुविवाह, विधुवाप्रतिको दुव्यवहार आदि घरेलु हिंसाहरू हुन् भनि घरेलु हिंसाका बारेमा प्रष्ट्याएकी छिन् ।" (थपलिया, २०५८)

"महिला विरुद्ध हुने हिंसा परम्परागत तथा प्रभुत्व हिंसाको रूपमा रहेको छ । महिला विरुद्ध हुने घरेलु हिंसा महिलाको सम्मानपूर्ण जीवन जीउने अधिकार विरुद्धको कार्य पनि हो । यसलाई मानव विरुद्धको कार्य पनि भनिन्छ । जसको प्रमुख कारण समाजमा परम्परागत रूपमा विद्यमान रहेको धर्म, परम्परा तथा कुरीति हो । जसले पितृसतात्मक समाजलाई प्रश्रय प्रदान गरेको छ " । (न्यायका लागी आवाज, २०५९)


मल्ल (प्रधान) (२०६०) ले "लैङ्गिक समानताको मूलप्रवाहिकरण" कार्यक्रममा प्रस्तुत गरेको "यौनजन्य दुव्यावहार" शीर्षकको प्रतिवेदनमा यौन जन्य दुव्यवहार कुनै व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौनजन्य दुव्यवहार शारिरिक, मौखिक, लिखित वा इशाराले जुनसुकै पनि हुन सक्छ । शारीरिक वा यौनजन्य चुट्किलाहरू, अप्रिय कुराकानी वा ठट्टा, लैङ्गिक लक्षित अपमानजनक बाचनहरू, अनिच्छुक यौनजन्य आमन्त्रणहरू, प्रस्तावहरू वा दबाव पर्दछन् । उस्तै लिखित यौजन्य दुव्यावहारभित्र

यौन सम्वन्धि सामाग्री प्रर्दशन गर्नु, अश्लिल वा कामुक तस्वीरहरू वा लिखित समाग्री प्रर्दशन गर्नु आदि पर्दछन् भने घुरेर हेर्नु, सुसेली बजाउने,आँखा जुधाउनु, यौनजन्य अश्लिल इशारा गर्ने आचरणहरू, इशाराले गर्ने यौनजन्य आचरण हुन् भनी उल्लेख गरेकी छिन् ।" ( प्रधान, २०६०)

"नेपालमा घरेलु हिंसा सम्बन्धी वर्षेनी धेरै मुद्दा दर्ता हुने गर्छन् तर जति पनि उजुरी आउछन् तीभन्दा धेरै हिंसा र यातना खपेर बसेका छन् । हामी शिक्षित छौं, हाम्रो कर्तव्य आफूले जति सकिन्छ जनचेतना फैलाउने हो । पीडितलाई न्याय दिने हो वा न्याय दिने ठाँउसम्म पुर्याउनु हो । आफ्नो स्तरबाट हिंसा रोक्न चाल्न सक्ने कदम प्रत्येक शिक्षित नागरिकले चाल्न जरुरी छ । अपराधीक सोच भएका तुच्छ जनावरलाई मानवताको पाठ पढाउन जरुरी छ । हामी जति चुप बस्छौं, अपराधीहरु नयाँ अपराध गर्ने योजना झन् बनाउछन् । यातना खपेर बस्नु पनि अपराध गर्नु वा सो सहर हो । अपराधी, अपराधी नै हो, अपराधीलाई बचाउने तपाईं हामी कसैको अधिकार छैन । संविधानले प्रत्येक नागरिकलाई ३१ वटा मौलिक हक र कर्तव्य दिएको छ, अधिकार के हो? बुझौं तर अधिकार प्रयोग गर्दा आफ्नो कर्तव्य नभुलौं । अधिकारको दुरुपयोग गर्ने अधिकार कसैलाई छैन ।" (सेतोपाटी डटकम, असार १८, २०७७)

महिलामाथि हुने घरेलु हिंसाका कारण र स्वरुपहरुको अवस्था के कस्तो रहेको छ भनी यस अध्ययनले नियाल्ने प्रयास गरेता पनि अध्ययनक्षेत्रको सम्पुर्ण महिलाहरुलाई समेटन नसक्नु यस अध्ययनको कमजोरी रहेको पाईन्छ । यस प्रकारको अध्ययन यस अधिका दिनहरुमा डोटी जिल्लाका अन्य क्षेत्रमा भएगरेको पाइए पनि जिल्लाको सदरमुकाम रहेको क्षेत्र सिलगढीमा यस प्रकारको अध्ययन नभएको पाइयो ।

## चित्र १ घरेलु हिंसाको चक्र




(Shtrii-shakti, 1995)

पितृसत्ताको नशामा लिप्त समाजमा दिनदहाडै हुने घरेलु हिंसाको सम्बन्ध माथिको चित्रले प्रष्ट परेको छ । पुरुषत्वले असमानता र हिंसालाई विभिन्न स्वरूपमा जोगाइराख्न सहयोग पुर्याउँछ। परम्परागत धारणमा लिप्त समाजमा त यस्ता हिंसा भएको नै हुन्छन् तर खुला समाजका रुपमा परिचित समाजमा पनि देखिन्छन् जहाँका सार्वजनिक र अर्थ-राजनीतिक समाजमा महिला स्वतन्त्रता र समानता धेरथोर कायम भएको मानिए पनि हिंसाको स्वरुप फरक ढंगले भइरहेको हुन्छ।

समाजमा रहेको पुरुष नियन्त्रणले सामाजिक संरचनासँगको अन्तरसम्बन्धले घरेलु हिंसाको चक्रको प्रक्रिया देखाएको छ । सामाजिक दवाव, पारिवारीक दवाव, आर्थिक असमानता तथा धार्मिक दवावमा समाजको धारणा स्पष्टसंग देखिन्छ, जसले महिलाहरुलाई अझै पनि माथि उकास्न बाधाको रुपमा अनेक पितृसत्तात्मक धारणा र व्यवहारको अनुभव महिलाले गरिरहेको हुन्छ । यस प्रकारको दवाव र असमानताको नतिजा शारीरिक आक्रमण, मानसिक आक्रमण, आर्थिक आक्रमण तथा यौन आक्रमण गराउन उक्साहटको कार्य गरिरहेको हुन्छ । त्यसैले घरेलु हिंसा केबल घरमात्रको उपज नभई घर, समाजको संरचना, धारणा र चरित्रले सृजना गरेको पुरुष शक्तिको नतिजा हो, जसको सृजना र कारण माथिको चक्रले देखाउँछ ।

# परिच्छेद तीन : अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य :

महिला विरुद्धहुने घरेलु हिंसा रोक्न कानूनी रूपमा विभिन्न प्रयासहरू भएतापनि समाजको व्यवहारमा परिवर्तन ल्याउन समय लाग्न सक्छ त्यसै कारणले सरकारका कार्यक्रमहरू, सरकारी एवम् गैरसरकारी संस्थाहरूको कार्यक्रम, नीजि क्षेत्रका कार्यक्रमहरूमा आमूल परिवर्तन आई महिलाहको उच्च स्थानमा पुर्‍याएर मात्र पनि देशको तथा समाजको परिवर्तन हुन सक्दैन । तसर्थः यी कार्यलाई मूर्तरूप दिन वा अध्ययन कार्यलाई क्रमबद्ध रूपमा अगाडि बढाउनका लागी सर्वप्रथम अनुसन्धान गर्नु उपयुक्त हुन जान्छ । अनुसन्धान गर्नको लागी उपयुक्त स्थानको आवश्यकता पर्दछ । त्यसैले यस अध्ययनमा दिपायल सिलगढी नगरपालिका वडा नं. ६, डोटीका महिलाहरूलाई लिइएको छ । यो क्षेत्र पश्चिमी नेपालको डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिकाको सिलगढीमा अवस्थित छ । यो एक शैक्षिक उपाधि हाँसिल गर्न गरिएको अनुसन्धान हो जसमा दिपायल सिलगढी नगरपालिका वडा नं. ६, सिलगढी मात्र अध्ययन क्षेत्र छनौट गरिएको छ ।

यस शोधले हिंसा विरुद्ध महिलाको स्थिति र लैंगिक पितृसत्तात्मक सोचमा परिवर्तन गर्नु, महिला जनसक्तिको राम्रो सहयोग र उत्साह उपलब्ध भई समाज परिवर्तनमा ठूलो राहत पुग्नेछ ।

यस शोधपत्रमा “नेपालमा महिलाको स्थिति र लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्थाहरूको अध्ययन” शीर्षकमा रहेर शोध गर्नुको पछाडी निम्न कारणहरू रहेका छन् :

१) महिला हिंसाबारे अध्ययन अनुसन्धान भएतापनि सिलगढीका समुदायका महिलाहरू माथि हुने घरेलु हिंसाका बारेमा अध्ययन नभएकोले यस शोधपत्रको लागी यस क्षेत्रको छनौट गरेको हो ।

२) वर्तमान समयमा महिला हिंसामा हुने गरेको परिवर्तन तथा त्यस परिवर्तनको सिलगढीका महिलाहरूमा कस्तो प्रभाव परेको छ । यस कुराको अध्ययन गर्न यस क्षेत्रको छनौट गरिएको हो ।

३) सोधकर्ता यस क्षेत्रको बासिन्दा भएकोले यस क्षेत्रमा भएको महिला हिंसा बारेमा अध्ययन गर्न उत्सुक भएको र अध्ययन आवश्यक ठानेकोले र अध्ययन

गर्ने क्रममा यहाँको भाषा, व्यवहार, सँस्कृतिसँग राम्ररी समायोजन भई तथ्य सत्य सूचना प्राप्त गर्न सक्ने भएकोले यस क्षेत्रलाई छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान कार्य थालनी गर्नुभन्दा पहिले समग्र अनुसन्धान कार्यका सम्बन्धमा अनुसन्धान कर्ताले तयार गरेको रूपरेखा हो अनुसन्धना ढाँचा । यस अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । यसमा महिलाहरूमाथि हुने गरेका घरेलु हिंसाका प्रकार, प्रकृति र अवस्थाको व्याख्या गरिएको छ भने घरेलु हिंसाको कारणहरूको विश्लेषण पनि गरिएको छ । महिलाको स्थिति र लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्थाहरूको अध्ययन गरिएको छ यसै क्रममा उनीहरूले भोगेको हिंसा तथा हिंसाका प्रकार स्वरूप, कारण र उपायहरू र बानी, लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्थाहरूको सामान्य रूपमा वर्णन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत तथा प्रकृति

यस अनुसन्धानमा गुणात्मक र मात्रात्मक दुवै प्रकृतिका तथ्याङ्कहरुको प्रयोग गरिएको छ । यस अध्ययनका क्रममा तथ्यांक संकलनका लागी प्राथमिक तथा द्वितीय स्रोतहरू प्रयोग गरिएको छ । प्राथमिक तथ्यांकहरू कार्यक्षेत्र सर्वेक्षणबाट संकलन गरिएको छ, जसका लागी अन्तर्वाता, प्रश्नावली, वैयक्तिक अध्ययन जस्ता विधिहरु अपनाइएको छ ।

यसैगरी द्वितीय तथ्यांकको संकलनका लागी नगरपालिका, जिल्ला समन्वय समिति लगायतका स्थानीय तहको सहयोग लिइएको छ र अध्ययनसँग सम्बन्धित पूर्वकार्य लेखरचना र शोधपत्रहरूलाई पनि तथ्यांक संकलनको आधार बनाइएको छ ।

## ३.४ नमूना छनोट प्रक्रिया :

यस अनुसन्धान दिपायल सिलगढी नगरपालिका वडा नं. ६, सिलगढीमा बसोबास गर्ने कूल ९४५ घरधुरी अध्ययनको समग्र क्षेत्र मानिएको छ । यी मध्ये ५ प्रतिशत घरधुरीलाई नमुनाको रुपमा लिँदा जम्मा ४७ घरधुरी सम्भावना विहिन नमुना अन्तर्गतको अंश नमुना छनोट (Quota Sampling) विधिको प्रयोग गरिएको छ । यस अध्ययनको लागी

ब्राह्मण ६, क्षेत्री ९, ठकुरी ५,  जनजाती १५, र दलित १२ घरधुरीको छनौट गरिएको छ । यो अध्ययन महिला माथि हुने घरेलु हिंसाका स्वरुप र कारणको अध्ययन भएकाले सिलगढीका ४७ घरधुरीका ४७ जना महिलाहरुबाट आवश्यक तथ्यांक संकलन गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधिहरू :

अध्ययनका क्रममा प्राथमिक तथ्यांकहरू क्षेत्रगत अध्ययनबाट गरिएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताहरुसंग प्रत्यक्षरुपमा अर्न्तवार्ता संचालन गरी प्राथमिक सूचना संकलन गरिएको छ । मुख्य सूचनादाता संगको अर्न्तवार्ताद्धारा पनि तथ्याकं संकलन गरिएको छ । द्धितीय तथ्यांक अन्य पत्रपत्रिकामा प्रकाशित सामाग्रीबाट लिइएको छ । साथै अध्ययनका क्रममा अवलोकन विधि र अन्तर्वाता विधिको प्रयोग गरिएको छ ।

#### ३.५.१ अर्न्तवार्ता:

यस अन्तरवार्ता विधिमा अनुसन्धान कर्ता स्वयम् सिलगढीमै गएर ४७ परिवारबाट १५ देखि ५९ वर्षका महिलाहरुलाई भेटी अन्तर्वाता लिइएको थियो । सिलगढीका महिलाहरु कस्ता किसिमका हिंसावाट पीडित छन् ? हिंसाका कारणहरु के-के हुन् ? उनीहरुको सामाजिक आर्थिक अवस्था कस्तो छ ? आदि कुराहरुका वारेमा तथ्यांक लिइएको थियो ।

#### ३.५.२ अवलोकन:

छनोटमा परेका हिंसा पीडित महिलारुको वास्तविक पहिचान गर्न तथा अध्ययनका लागी आवश्यक समग्र सूचना प्राप्त गर्न एवम् अध्ययन क्षेत्रका महिलाहरुको हरेक क्रियाकलापहरुको अध्ययन गर्न अवलोकन विधिको प्रयोग गरिएको छ । अवलोकनका क्रममा महिलाहरुको सामाजिक साँस्कृतिक र आर्थिक अवस्था, घर परिवारमा उनीहरुको स्थिति, परिवारको आकार, महिलाहरुले गर्ने काम र उनीहरुका श्रीमानहरुले गर्ने काम, पुरुषहरुले महिलामाथि गर्ने व्यवहार बारे अवलोकन गरी तथ्यांक संकलन गरिएको थियो ।

#### ३.५.३ मुख्य सूचनादाताको अन्तवार्ता:

यस अध्ययनको क्रममा अध्ययनलाई थप उद्देश्य परक र नतिजामुखि बनाउनका लागी मुख्य सूचनादाताहरु संग अन्तरवार्ता लिइएको हो । मुख्य सूचनादाताहरुका रुपमा नेपाल प्रहरीका महिला बालबालिका सेल कर्मचारी, राजनीति कर्मी महिला, पत्रकार, अधिवक्तालाई लिइएको हो ।

### ३.५.४ घटना अध्ययन

अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्दा विशिष्ट घटनाहरु भएको महिलाहरुमा वटा घटना अध्ययन गरिएको छ । ती घटनाहरु बास्तविक हुन् तर पात्रहरुका नाम काल्पनिक राखिएको छ । घटना अध्ययन १ मा अन्तरजातिय विवाहरुबाट पीडित महिलाको कथाको बारेमा अध्ययन गरिएको छ । घटना अध्ययन २ मा महिलाले पुरुषवाट हेपिनुपरेको कारण भोगेको समस्याको अध्ययन गरिएको छ । घटना अध्ययन ३ मा छोरा नपाएको कारण बहुविवाहको सिकार भई समस्या भोग्नु परेको अध्ययन गरिएको छ । घटना अध्ययन ४ मा छोराको चाहनामा धेरै छोरीहरु जन्माउनु परेको, आफ्नो शारीरिक अवस्थाको ख्यालै नगरी परिवारको चाहना पुरा गर्नुपरेको, परिवारवाट भोग्नुपरेको पीडालाई अध्ययन गरिएको छ । घटना अध्ययन ५ मा श्रीमान्को मद्ययपानको कारण महिलाहरुले भोगिरहेका हिंसावारेमा अध्ययन गरिएको छ ।

### ३.५.५ विभिन्न प्रतिवेदन र सरकारी अभिलेखहरू

यस अनुसन्धानमा विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय संघसंस्थाहरुको प्रतिवेदन र सरकारी अभिलेखहरूबाट पनि तथ्यांक तथा सूचनाको सङ्कलन गरिएको छ । राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग, महिला सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय बुलेटिनबाट समेत आवश्यक जानकारी र सूचना लिइएको छ । त्यसैगरी महिला विरुद्ध हिंसाका उजुरीहरू, बेश्याबृत्ति, चेलीबेटी बेचविखन जस्ता विषयका उजुरी र मुद्दामा सरकारी कार्यालयहरूबाट भएका निर्णय र फैसलाहरूको अभिलेखबाट पनि सरकारी निजामती कर्मचारीको महिलाप्रतिको दृष्टिकोण बुझ्नका लागी धेरै सूचना र जानकारी प्राप्त भएको छ ।

## ३.६ तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण :

तथ्याङ्कको विश्लेषण एउटा यस्तो विधि हो जसमा संकलित सूचनाहरूलाई व्यवस्थित तथा श्रेणीवद्ध गरी विभिन्न चलहरूका बिचमा सम्बन्ध स्थापित गर्ने काम गरिन्छ । संकलित तथ्याङ्कलाई सुव्यवस्थित ढंगले प्रस्तुत गरी तथ्यहरूका बिचमा सम्बन्ध स्थापित नगरिकन तथ्याङ्कहरूले आफैँमा केही अर्थ नदिने भएकाले पनि तथ्याङ्कको प्रस्तुती एवंम् विश्लेषण गर्ने कुरा अनुसन्धानको महत्वपूर्ण काम हो ।

प्रस्तुत अध्ययनमा प्राथमिक एवं द्वितीय स्रोतबाट संकलित तथ्याङ्कलाई तालिकीकरण गरी वर्णनाात्मक शैलीमा प्रस्तुत गरी तार्किक रूपमा विश्लेषण गरिएको छ । प्रस्तुत

शोधपत्र तयार गर्ने क्रममा संरचित प्रश्नावलीहरू छनोट गरिएका उत्तरदाताहरूबाट लिइएका सूचनाहरु भरी गर्ने कार्य समाप्त भएपछि सङ्कलन गरिएका फारामहरूको अध्ययन गरिएको छ र निचोडमा पुग्नका लागी प्राप्त तथ्याङ्कलाई प्रस्तुतिकरणका लागी कोडिङ गर्दै विभिन्न शीर्षकहरूमा तालिकीकरण गरी तालिका तयार गरिएको छ । घरेलु महिला विरुद्ध हुने हिंसाका प्रकार र कारणहरु सम्बन्धमा देखिएका समस्या समाधानका उपाय पत्ता लगाउन पारिवारिक परिवेश, पारिवारिक निर्णय, घरेलु हिंसाका प्रकार, सो को जानकारी, कार्यान्वयन पछिको प्रभावसँग सम्बन्धित धारणा प्राप्त गरी विश्लेषण गरी प्राप्त तथ्याङ्कको आधारमा औचित्य पुष्टि गरिएको छ । संख्यात्मक भन्दा गुणात्मक तथ्याङ्कलाई जोड दिइएको छ ।

### ३.७ अध्ययनक्षेत्र अनुभव :

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा तयार पारिएको प्रश्नावलीहरु भर्नका लागी छनौट गरिएको घरधुरीका घरमुलीसंग लिइएका अन्तरवार्ताको क्रममा भर्ने कार्य गरिएको हो । हालको कोभिड १९ को कारण आवश्यक सुरक्षाको सावधानी अपनाएर सम्भव भएका स्थानमा प्रत्यक्ष र सो अवस्था नभए टेलिफोनको प्रयोगवाट सूचना संकलन गरियो । कोरोनाको विषम परिस्थितीले शोधपत्र तयार गर्ने क्रममा केही समस्या उत्पन्न गराएतापनि सो को समाधानका लागी सूचना संचारको उपयोग मार्फत यो शोधपत्र तयार गरिएको छ । अध्ययनक्षेत्रको ४७ जना महिलाहरुसंग आवश्यक सूचना संकलन गर्ने क्रममा अधिकाशं महिलाहरु उत्तर दिन सहज रुपमै उपलब्ध भए भने, प्रश्नहरुको जवाफ लिने क्रममा केही प्रश्नहरुको उत्तर दिदा अली असहज भएको अवस्थामा विस्तारै महिलाहरुको हक अधिकार तथा महिलामैत्री समाजको आवश्यकताको धारणा प्रस्तुत गर्दा अलि सहज वातावरण बन्दै जाँदा अध्ययनलाई सहज भएको थियो । अध्ययन कै क्रममा परम्परागत सोच भएका वृद्धहरुवाट प्रश्नहरुको क्रममा अलि असहज प्रतिक्रिया आउने गरेको थियो भने पुरुषहरुवाट भने यस अध्ययनमा आफ्ना धारण तथा समस्याहरु समेटनु पर्ने दबाब तथा सुझाब दिएका थिए । मुख्य सूचनादाताहरुसंग उहाहरुको कार्यालयमा समय मागेर सूचना संकलन गरियो भने, केही मुख्य सूचनादाताहरुसंग भने अनलाईनको माध्यमवाट सूचना संकलन गरियो । समग्रमा कोभिड १९ को समस्याले केही असर भने, यस अध्ययनलाई गरेको हो । प्रयाप्त समय र वातावरण अभावका कारण उत्तरदाता महिलाहरुसंग सोचे जस्तो सूचना संकलन गर्न केही असहज भएको थियो ।

अध्ययनका लागी तय गरिएको समय र विश्वमै जल्दो बल्दो समस्याका रुपमा देखिदै आइरहेको कोभिड १९ देखिएसंगै अध्ययनका क्रममा उचित सावधानी अपनाउदै अध्ययन संम्पन्न गर्नु चुनौतीपूर्ण रह्यो । स्वास्थ्यका आवश्यक मापदण्ड आपनाएर उत्तरदाता महिलाहरुसंग अग्रिमरुपमा स्विकृती प्रश्चात् सूचना संकलन गरी अध्ययनलाई नतिजामूलक ढंगवाट संचालन गरियो ।

अब उपरान्तका दिनहरुमा यस प्रकृतिका अध्ययनलाई संचालन गर्दा अध्ययनक्षेत्र छनौट, सम्पुर्ण जनसंख्या समेटिने, समान प्रतिनिधित्व कायम गर्ने र वृहतरुपमा अध्ययन संचालन गर्ने कुरामा विशेष ध्यानदिनुपर्ने सिकाई रह्यो ।

# परिच्छेद चार : तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण

## ४.१ भौगोलिक अवस्था:

सुदुरपश्चिम प्रदेशको डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका वडा नं. ६ सिलगढीलाई अध्ययन क्षेत्र छनौट गरिएको छ । दिपायल सिलगढी नगरपालिकाको स्थापना वि.सं. २०३८ सालमा कोटभैरव र तिखा गाउँ पञ्चायतका केही बस्तिहरु मिलाएर प्रारम्भमा दिपायल नगर पञ्चायत वनेको र पछि बि.सं. २०४७ सालमा भंमरडाँडा गाउँ पञ्चायत र २०७३ सालमा साविकको लडागडा गा.वि.स., कलेना गा.वि.स. तथा खातिवडा गा.वि.स.को वडा नं. ४,५,६ र वगलेक गा.वि.स.को ८ र ९ नं. वडा समेतलाई मिलाई दिपायल सिलगढी नगरपालिकाको क्षेत्र विस्तार गरी जम्मा ९ वटा वडा समेटी भएको हो । डोटी जिल्लाको सदरमुकाम रहेको यस नगरपालिकाको नाम यसै क्षेत्रको दिपायल र सिलगढी क्षेत्रको नामबाट नामाकरण गरिएको हो । यस नगरपालिकामा जम्मा ९ वटा वडाहरु छन् । सामुद्रिक सतह ६०० मिटर देखि २१५६ मिटरसम्म रहेको न.पा.को क्षेत्रफल १२६.६२ वर्ग कि.मि रहेको छ ।

यसको पूर्वमा पूर्वी चौकी गाउँपालिका, डोटी र चौरपाटी गाउंपालिका, अछाम, पश्चिममा शिखर नगरपालिका, डोटी, उत्तरमा आदर्श सायल गाउँपालिका, डोटी र दक्षिणमा के.आई.सिंह गाउँपालिका, डोटी रहेको छ । यो अध्ययन यस न.पा.को वडा नं. ६ का सिलगढी समुदायका महिलाहरुमाथि हुने घरेलु हिंसामा केन्द्रित रहेको छ ।

## ४.२ अध्ययन क्षेत्रको महिलाहरुको सामाजिक आर्थिक अवस्था:

दिपायल सिलगढी नगरपालिकाको वडा नं. ६ सिलगढीमा बसोबास गर्ने मानिसहरु विभिन्न ठाउँबाट आएका र ब्राह्मण, ठकुरी, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, आदि जनजातीहरु र सुनवार, मिजार, परियार, विश्वकर्मा आदि दलित भएकाले उनीहरुको भेषभूषा बोलीचाली चाडपर्व मनाउने तरिका मूल्यमान्यता, परम्परामा केहि फरकपना पाइएता पनि सिलगढीमा बसोबास गर्ने सबै समुदायमा एकता र सद्भाव देखिएको छ । यहाँ दशैं, तिहार, तिज, माघी, गाठेमंगल, गाईजात्रा, लाखेजात्रा, गौरा आदि पर्वहरु मनाइने गरिन्छ ।

व्यापार व्यवसाय, नोकरी र वैदेशीक रोजगारीमा संलग्न यस नगरपालिकाका अधिकांश महिलाहरूको संलग्नता कृषि, घरायसी कामकाज, ज्यालादारीमा रहेको छ ।

वर्तमान अवस्थामा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले महिलाहरूको स्थिति माथि उकास्न तरकारी खेती तालिम, सिलाई बुनाई तालिम, कम्प्युटर सिकाई, व्युटीपार्लर तालिम आदि विभिन्न किसिमका तालिम दिएर उनीहरूलाई सशक्त बनाउने प्रयास गरिरहेको छ । धेरै जसो महिलाहरूमा शिक्षा प्रतिको जनचेतनाले गर्दा साक्षरता शिक्षा, प्रौढ शिक्षा, चेलीबेटी शिक्षा प्रति पनि उनीहरूको आकर्षण बढेको छ ।

### ४.२.१ जातजाती अनुसार उत्तरदाताहरुको संरचनाः

बहुजातीय एवंम् बहुभाषिक विशेषता नेपाली समाजको गहना हो । प्रस्तुत अध्ययनक्षेत्रको वारेमा जातिय हिसाबले भन्नुपर्दा ब्राह्मण, ठकुरी, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, आदि जनजातीहरु र सुनवार, मिजार, परियार, विश्वकर्मा आदि दलित समुदायका मानिसहरु दिपायल सिलगढी नगरपालिका वडा नं. ६ मा बसोबास गर्ने गर्दछन् । विभिन्न ठाउँबाट आएर यहाँ स्थायी रुपमा बसोबास गरेका मानिसहरुको आ-आफ्नै संस्कृतिहरुसहित सामाजिक मेलमिलाप रहेको पाइन्छ । यस क्षेत्रका महिलाहरुको पहिरन साधारण नेपाली पोसाक रहेको छ ।

यहाँ सिलगढीका महिलाहरूको जातीगत रुपमा वर्गीकरण गरी व्याख्या गर्ने प्रयास गरिएको छ । जसलाई प्रस्तुत तालिकामा देखाइएको छ ।

**तालिका १: जातजाती अनुसारको उत्तरदाता विवरण**

| जातजाती | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ६ | १२।७७ |
| क्षेत्री | ९ | १९।१५ |
| ठकुरी | ५ | १०।६४ |
| जनजाती | १५ | ३१।९१ |
| दलित | १२ | २५।५३ |
| **जम्मा** | ४७ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७८

माथिको तालिका १ अनुसार जनजाती जातीको संख्या सबभन्दा बढी ३१.९१% रहेको छ भने ठकुरी जातीको सबभन्दा न्यून उत्तरदाता महिलाहरूसित सोधपुछ गर्दा ब्राह्मण, क्षेत्री र दलित जातिका महिलाहरूले आफूमाथि हिंसा भएको भनेका छन् । ब्राह्मण जाति अति उच्च जाति भएकाले ब्राह्मणका महिलाहरू पुजापाठ गर्ने, देवी देउतालाई बढी मान्ने

गरेकाले छाउपडी प्रथाबाट बढी पीडित भएका देखियो भने दलित महिलाहरू अति तल्लो जाति भएर छुवाछुतको जस्तो कुरिती भोगेकोले पनि बढी हिंसा भएको देखियो । दलित महिलाहरूका अनुसार उनीहरू पुरुषहरूबाट त अपहेलित त छन् नै सामाजिक तथा साँस्कृतिक सभा-समारोहबाट पनि उनीहरूलाई समाजले नै टाढा राखेको पाइयो ।

### ४.२.२ उत्तरदाताहरुको वैवाहिक स्थितिः

महिलामाथि हुने घरेलु हिंसा प्रायः अविवाहितको तुलनामा विवाहित महिलाहरूमा बढी भएतापनि सिलगढीको समुदायमा छाउपडी प्रथाले गर्दा अविवाहित महिलाहरू माथि पनि हिंसा भएको देखिएको छ । प्रस्तुत अध्ययनको क्रममा समेटिएका उत्तरदाताको वैवाहिक स्थितिलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २ : उत्तरदाताहरूको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ३६ | ७६।६० |
| अविवाहित | ४ | ८।५१ |
| विधुवा | ७ | १४।८९ |
| **जम्मा** | ४७ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथि उल्लेखित तालिका २ अनुसार ७६.६०% महिलाहरू विवाहित देखिए भने ८.५१% अविवाहित र १४.८९% महिलाहरू विधवा छन् । अध्ययन क्षेत्रको समाजका महिलाहरुको अवस्था हेर्दा जम्मा ४७ जना महिला मध्ये ७ जना अझै पनि विधवाको रुपमा रहेका छन् । विधवा भएका महिलाहरु अझै पनि जीवनभर सोही आचरण र मर्यादामा रही वाकी जीवन जिउनुपर्ने अवस्था रहेको पाईन्छ । पुरुषहरु भने श्रीमतीको मृत्यु भएको एक वर्ष नवित्दै आर्को विवाह गर्ने तर महिलाहरु भने, विधवाको रुपमा रहनुपर्ने संस्कार अध्ययन क्षेत्रको पाईन्छ । यसका कारण समाजको विभिन्न नियम तथा मान्यता बोकेको पितृसत्तात्मक सोच नै हो जसले महिलालाई एक साघुरो संसारमा राखेको पाईन्छ ।

### ४.२.३ उत्तरदाताहरुको विवाहको प्रकारः

नेपाली समाजमा विभिन्न सामाजिक सांस्कृतिक परिवेशमा अवस्थित समाजमा विभिन्न प्रकारको लैङ्गिक सम्बन्ध हुने गर्दछन् । यिनै आधारमा विवाहको अर्थ, परिभाषा तथा

यिनको कार्यहरु सम्बन्धित हुन्छन् । अर्कातिर समाजको परिवर्तनसंगै विवाहप्रतिको बुझाईको विश्लेषणमा पनि पविर्तन आउने गर्दछ तर पनि सबै समाजमा विवाहलाई एउटा आधारभूत सामाजिक संस्थाका रुपमा लिइन्छ ।

एकल, बहुपत्नी, बहुपती, समुह, सजातिय, विजातीय, मामाचेला, अनुलोम वा कुलिन जस्ता विभिन्न प्रकारका विवाह नेपाली समाजमा भएता पनि अध्ययनक्षेत्र सिलगढीमा प्रचलन रहेको मागी विवाह र भागी विवाहलाई मुख्य प्रकारको रुपमा प्रस्तुत तालिका देखाइएको छ ।

**तालिका ३ : उत्तरदाताहरूको विवाहको प्रकार**

| विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| मागी | २९ | ६७।४४ |
| भागी | १४ | ३२।५६ |
| **जम्मा** | ४३ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथि उल्लेखित तालिका ३ अनुसार ६७.४४% महिलाहरूले मागी विवाहि र ३२.५% महिलाहरूले भागी विवाह गरेको पाईन्छ ।

**घटना अध्ययन १**

डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा न. ६ सिलगढी घर भएकी मोनी ३८ वर्ष पुगीन् । उनको १८ वर्षको उमेरमा विवाह भएको थियो । हाल १ वटा छोरा १ वटा छोरी छन् । उनका श्रीमान् चाहीँ व्यवसायी हुन् । मोनी चाहीँ स्वास्थ्यकर्मीहुन् । उनका श्रीमान् ब्राह्मण परिवार र उनी जनजाती परिवारवाट आएकी हुन् । उनीहरुले भागी विवाह गरेका हुन् । कलेज पढ्दा पढ्दै उनीहरुले भागेर विवाह गर्ने निधो गरेको उनी बताउँन्छीन् ।

दुबैको मंन्जुरीमा उनीहरुले भागेर विवाह गरेपनि उनका श्रीमान्का परिवारका सदस्यहरु यो विवाहलाई टुटाउने र सफलहुन नदिने पक्षमा रहेका थिए । यसै अनुरुप उनका परीवारका सदस्यहरुले शुरुका दिनहरुमा मोनीलाई अनेक प्रकारका मानसिक तनाब, शारीरिक रुपमा कठिन काममा लगाउने, गालीबेइज्जती गर्ने गरेका थिए । उनका परिवारले मोनीका बुबा, आमा तथा समाजका अन्य सदस्यहरुसगं पनि यो विवाहलाई मान्यता नदिन हारगुहार पनि गरे । तर समाजका सदस्यहरु तथा मोनीका बुबा, आमाले त्यसो गर्न स्विकार्य नगरेपछि बाध्यभएर उनीलाई सो घरमा भित्राउन पर्‍यो ।

हाल मोनी एक सरकारी कार्यालयमा कार्यरत छिन् र उनी आर्थिक रुपमा आत्मनिर्भर रहनुका साथै परिवारलाई सम्मालेकी छिन् । यस विचमा उनको संघर्स परिवारमा मानसिक, शारीरिक रुपमा धेरै नै भयो र केही हदसम्म उनी सरकारी नौकरीमा आवद्ध भए पछी त्यस्ता समस्याहाल केही हद सम्म समाधान भएको उनी बताउँन्छीन ।

### ४.२.४ उत्तरदाता महिलाहरुको परिवारमा पेसागत अनुपातः

नेपाल एक कृषि प्रधान देश हो यहाँको मुख्य पेसा कृषि हो । तर वर्तमान समयमा विभिन्न कारणले गर्दा दिपायल सिलगढी नगरपालिका धेरै मानिसहरू आयआर्जनका लागी नोकरी, व्यापार, व्यवसाय तथा छिमेकी राष्ट्रहरूतिर लाग्ने गरेको देखिएको छ । यसै क्रममा उत्तरदाता महिलाहरूको आर्थिक अवस्था थाहापाउनका लागी उत्तरदाताका परिवारले अपनाउँदै आएको पेसा तथा उत्तरदाता महिलाहरूको पेसालाई तलका तालिकाहरूमा देखाइएको छ ।

**तालिका ४ उत्तरदाता महिलाहरु तथा उनीहरुका श्रीमानको पेसागत विवरण**

| पेसागत विवरण | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत |
|---|---|---|---|---|
| जागिर | १४ | २९।७९ | १६ | ४०।०० |
| व्यापार। व्यवसाय | ८ | १७।०२ | १७ | ४२।५० |
| कृषि | ७ | १४।८९ | ४ | १०।०० |
| मजदुर | २ | ४।२६ | ३ | ७।५० |
| गृहणी | १६ | ३४।०४ | ० | ०।०० |
| **जम्मा** | ४७ | १०० | ४० | १०० |

स्रोत :स्थलगत अध्ययन २०७८

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरु मध्ये २९.७९ प्रतिशत महिलाहरु जागिरे पेसा गर्दछन् भने ४० प्रतिशत पुरुषहरुले पनि जागिर गर्दछन् । १७.०२ प्रतिशत महिलाहरु व्यापार व्यवसायमा संलग्न छन् र ४२.५० प्रतिशत पुरुष पनि व्यापार व्यवसायमा संलग्न छन् । त्यस्तै कृषि पेसामा संलग्न महिलाको प्रतिशत १४.८९ र पुरुषको प्रतिशत १० रहेको छ । मजदुर पेसा अंगालेका महिलाको प्रतिशत ४.२६ र पुरुषको प्रतिशत ७.५० रहेको छ । यो तालिकाबाट के स्पष्ट हुन्छ भने महिलाहरु घरायसी काममा बढी संलग्न हुने र पुरुषहरु घर बाहिरको काममा बढी गएको देखिन्छ । घर गृस्ती सम्हाल्ने कार्यमा व्यस्त महिलाहरु ३४.०४ प्रतिशत रहेको पाइन्छ, जसमा उत्तरदाता महिलाहरुका अनुसार उनीहरु विहान ४ बजे देखि राति १० बजे सम्म घरायसी काम काजमा व्यस्त हुन्छीन् जस्तै घरको सरसफाई गर्ने, चिया नास्ता बनाउने, भाडा माझ्ने, खाना पकाउने,लुगा धुने, बालबच्चाको स्याहार सुसार गर्ने, दाउरा,घाँस,स्याउला ल्याउने, बस्तुभाउ चराउने,गोबर सोर्ने, खेत बारीको काम

गर्ने जस्ता कामहरु गर्दै महिलाको दैनिकी वित्ने गर्दछ । पुरुषहरु चाही पैसा कमाउने र घरमा भएको बेला घरायसी काममा पनि सघाउनुका साथै सामाजिक कार्यमा संलग्न भएर सामुदायिक जिम्मेवारी पुरागर्नेतिर संलग्न हुन्छन् । यसरी हेर्दा अत्याधिक महिलाहरु गृहणीको रुपमै घरायसी कामकाजले घरभित्र नै बस्न बाध्यछन् । उनीहरु शिक्षित हुदाँहुदैं पनि महिला भएकै कारणवाट घरमा नै सिमित हुनुपर्ने, सामाजिक परम्पराअनुसार नै महिलाहरुले आफ्नो बानी, व्यवहार, आचरण, पेसा अंगाल्नुपर्ने आदि उनीहरु बस्ने समाजले निर्धारण गरेको परिधी भित्र बस्नुपर्ने बाध्यता रहीआएको पाईन्छ ।

### ४.२.५ उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थाः

विगतको तुलनामा हाल आएर शिक्षाको महत्वप्रति नेपाली समाज सचेत हुन थालेको छ, साथै महिला शिक्षाको महत्वप्रति पनि वर्तमान समाज उदार देखिन थालेको छ । यहाँ प्रस्तुत अध्ययनमा अध्ययन क्षेत्रका महिला र महिलाहरूका श्रीमानहरूको शैक्षिक अवस्था दर्शाउने प्रयास गरिएको छ ।

**तालिका ५ : उत्तरदाता महिलाको शैक्षिक विवरण**

| पढाईको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ३ | ६।३८ |
| सामान्य शिक्षित | १७ | ३६।१७ |
| विद्यालय स्तर | १७ | ३६।१७ |
| क्याम्पस | १० | २१।२८ |
| **जम्मा** | ४७ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

यो तालिका ५ अनुसार पनि उत्तरदाता महिलाहरूको शैक्षिक अवस्थाले उनीहरूमा हुने हिंसामा कुनै फरक नपारेको कुरा प्रष्ट पार्छ । यो तालिकामा उत्तरदाता महिलाहरूको आफ्नो शैक्षिक अवस्था देखाइएको छ । जसअनुसार अशिक्षित ६.३८ % र क्याम्पस स्तरसम्म शिक्षा आर्जन गरेका २१.२८ % छ । सामान्य शिक्षित र विद्यालय स्तरको पनि शिक्षाको संख्या ३६.१५% गरी बराबर नै छ । यसरी तालिका नं. ७ जस्तै ८ मा पनि शिक्षित मात्र भएमा मात्र घरेलु हिंसा कमी ल्याउन सकिंदैन । घरेलु हिंसाको मात्रामा कमी ल्याउन समाजका रुढीवादीपरम्परा, मूल्यमान्यता जस्ता कुराहरूमा सुधार गर्नुपर्ने आवश्यक देखिन्छ ।

**तालिका ६ : उत्तरदाता महिलाका श्रीमानहरूको शैक्षिक अवस्था**

| पढाईको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | २ | ४।२६ |
| सामान्य शिक्षित | २१ | ४४।६८ |
| विद्यालय | १६ | ३४।०४ |
| विश्वविद्यालय | ८ | १७।०२ |
| **जम्मा** | ४७ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७८

माथिको तालिका ६ अनुसार सामान्य शिक्षित महिलाहरू श्रीमानको संख्या बढी छ भने अशिक्षितको संख्या कम छ । यसरी उत्तरदाताहरूसंग सोधपुछ गर्दा पनि उनीहरूमाथि हुने घरेलु हिंसाको मुख्य कारण अशिक्षा मात्र होइन । यो शैक्षिक अवस्था अनुसार उनीहरूका श्रीमान्हरूमा अशिक्षित तथा विश्वविद्यालयसम्म अध्ययन गरेका पुरुषहरूको संख्या लगभग बराबर छ तर उनीहरूका श्रीमतीहरूमाथि हुने घरेलु हिंसामा भने, शिक्षा अनुसारको फरक छैन । उत्तरदाता महिलाहरूका अनुसार पुरुष प्रधान समाज, पितृसत्ता र शिक्षित भए पनि आफ्नो श्रीमतीले आफ्नो भनेको मान्नु पर्ने रुढीवादी सोचले पनि उनीहरू हिंसामा परेका छन् । सिलगढी समुदायका पुरुषहरु शिक्षित, अशिक्षित, सामान्य शिक्षित जस्तो भएपनि जाँड रक्सी खाएर आफ्नो परिवारलाई दुःख दिने गरेको कुरा पनि उत्तरदाता महिलाहरूबाट थाहा हुन आएको छ ।

### ४.२.६ उत्तरदाता महिलाहरुको पेसागत तथा जिविकोपार्जनको स्रोत विवरणः

दिपायल सिलगढी नगरपालिका धेरै मानिसहरू आयआर्जनका लागी नोकरी, व्यापार, व्यवसाय तथा छिमेकी राष्ट्रहरूतिर लाग्ने गरेको देखिएको छ । यसै क्रममा उत्तरदाता महिलाहरूको आर्थिक अवस्था थाहाँ पाउनका लागी उत्तरदाताका परिवारले अपनाउँदै आएको पेसा तथा उत्तरदाता महिलाहरूको पेसालाई तलका तालिकाहरूमा देखाइएको छ ।

**तालिका ७ उत्तरदाता महिलाहरु को पेसागत विवरण**

| **पेसागत विवरण** | **महिला संख्या** | **प्रतिशत** |
|---|---|---|
| जागिर | १४ | २९.७९ |
| व्यापार/व्यवसाय | ८ | १७.०२ |
| कृषि | ७ | १४.८९ |
| मजदुर | २ | ४.२६ |
| गृहणी | १६ | ३४.०४ |
| **जम्मा** | ४७ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७८

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरु मध्ये २९.७९ प्रतिशत महिलाहरु जागिरे पेसा गर्दछन् भने १७.०२ प्रतिशत महिलाहरु व्यापार व्यवसायमा संलग्न छन् र कृषि पेसामा संलग्न महिलाको प्रतिशत १४.८९ रहेको छ । मजदुर पेसा अंगालेका महिलाको प्रतिशत ४.२६ रहेको छ ।

अध्ययनक्षेत्रको महिलाहरुको पेसालाई हेर्दा अधिकाशं महिलाहरु गृहणीको रुपमै घरायसी कामकाजले घरभित्र नै बस्ने गरेको पाईन्छ । उनीहरु शिक्षित हुदाहुदै पनि महिला भएकै कारणवाट घरमा नै सिमित हुनुपर्ने रहेको छ । समाजको परम्परागत सोच, पुरातन मूल्यमान्यता, चालचलनहरु पुरुषवादी सोचवाट निर्देशित रहेको कारण महिलाहरुले आफ्नो बानी, व्यवहार, आचरण, पेसा अंगाल्नुपर्ने रहेको छ । यस्ता किसिमका सामाजिक मान्यताहरुले गर्दा महिलाहरु आफ्नो चाहना खुसी भन्दा पनि चालचलनलाई निरन्तरता दिने सोचले पनि उनीहरुको पेसालाई समाजले निर्धारण गर्ने गरेको देख्न सकिन्छ ।

## ४.३ सामाजिक सांस्कृतिक हिंसाको अवस्थाः

जातिय हिसाबले भन्नुपर्दा ब्राह्मण, ठकुरी, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, आदि जनजातीहरु र सुनवार, मिजार, परियार, विश्वकर्मा आदि दलित समुदायका मानिसहरु दिपायल सिलगढी नगरपालिका वडा नं. ६ मा बसोबास गर्ने गर्दछन् । विभिन्न ठाउँबाट आएर यहाँ स्थायी रुपमा बसोबास गरेका मानिसहरुको आआफ्नै संस्कृतिहरु सहित सामाजिक मेलमिलाप रहेको पाइन्छ । यस क्षेत्रका महिलाहरुको पहिरन साधारण नेपाली पोसाक रहेको छ । शैक्षिक क्षेत्रमा यो ठाउँमा पहिला छोरीलाई विद्यालय पठाउने चलन नभए पनि समय परिर्वतन र विकासको क्रमसगै महिलाहरु शिक्षा क्षेत्रमा अगाडी बढेको

पाइन्छ । यो क्षेत्र जिल्लाकै सदरमुकाम भए पनि आर्थिक अभाव तथा गरिवीले गर्दा शिक्षा क्षेत्रमा अघिल्लो पीढीका महिलाहरु निरक्षर छन् । हालको समयमा पछिल्लो पिढीमा भने शिक्षामा विस्तार र सुधार भएको देखिन्छ । अझै पनि महिलाहरु आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक हिसाबले पछाडी परेको पाइन्छ जसको कारण सामाजिक परम्परालाई दिइने निरन्तरता पनि हो ।

दिपायल सिलगढी नगरपालिका वडा नं.६ का अधिकांश महिला विहान वेलुका गृहणीको रुपमा घरको कामकाजमा व्यस्त रहेता पनि बाँकी समयमा आयआर्जनको कार्यको रुपमा कृर्षि, व्यापार, व्यवसाय, नोकरीमा संलग्न रहने गरेको पाइन्छ । यस क्षेत्रका महिला मेहनती र उद्यमी भएतापनि परिवार वा समाजवाट हिंसामा परेका छन् । कतिपय महिलाका श्रीमान् दिनभरी जुवातास खेलेर बस्ने, रक्सी खाने जस्ता काममा लागेपनि महिलाहरु भने, घरायसी काममा व्यस्त रहने गरेको पाइन्छ ।

**घटना अध्ययन २**

डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा न. ६ सिलगढी घर भएकी रश्मी २८ वर्ष पुगीन् । उनको २० वर्षको उमेरमा विवाह भएको थियो । हाल ३ वटा छोरा छोरी छन् । उनका श्रीमान चाहिँ व्यापारी हुन् । उनका श्रीमान् आफू दिनभरी पसलको व्यापारमा व्यस्त रहन्छन् रश्मी चाही घरायसी कामकाज सकेर खाली समयमा श्रीमान्लाई सघाउन पुग्छीन् । सधैँ जसो उनको समय घरायसी काम सगैं व्यापारमा पनि वित्ने गर्दछ । यसरी काममा बराबर खटेपनि उनको श्रीमान्का अगाडी उनी केही काम नै नगरी बस्ने, जति सिकाए पनि व्यापारमा काम विगार्ने जस्ता टोकाइ उनले खानुपरेको उनी बताउँछीन् । श्रीमान् जतिकै खटेपनि महिला भएकै कारण शारीरिक तथा मानसिक रुपमा कमजोर छस् भनेर हेपाई भोगिनै रहनुपरेको छ ।

उनका अनुसार अझैं समाजका अगाडी नै उनलाई काम गर्न नसक्ने, महिला त हो भन्ने जस्ता भनाईले उनका श्रीमान् धेरै जसो कराइ रहने गर्दछन् । कतिपय अवस्थामा उनका श्रीमान् आफ्नो कारण भएको कमिकमजोरीलाई ढाकछोप गर्न उनीलाई नै दोषी ठहराउने गर्दछन् । अधिकाशं समयमा आफूले नगरेको गल्ती पनि आफूमहिला भएको कारणले नै धम्काउने, आवाज दवाउने, कुरा नसुन्ने गर्दछन् ।

### ४.३.१ घरेलु हिंसाका प्रकारः

घरेलु हिंसामा महिलाहरु विभिन्न प्रकारका हिंसाजन्य कार्य एवंम् दुव्यवहारको सिकार भएका हुन्छन् । महिलामा हुने हिंसामा पीडकका रुपमा मुख्यतया पुरुषहरु नै हुने गर्दछन् । अध्ययनका क्रममा दिपायल सिलगढी नगरपालिका सिलगढी समुदायका महिलाहरु विभिन्न प्रकारका हिंसावाट पीडित भएको देखिन्छ । अधिक महिला

एकल परिवारमा बस्दै आएका कारण यस क्षेत्रमा श्रीमान्‌बाट श्रीमती माथि हुने गालीगलौज, कुटपीटका घटना नै अधिकतम्‌ मात्रामा हुने गरेका छन्‌ । अविवाहित केटीहरू भने सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा विद्ययमान रहेको छाउपडी प्रथाका कारण राम्रो खान, लाउन पाउने हकबाट पनि बञ्चित हुनु परेको छ । उत्तरदाता मध्येका विधवा महिलाहरू कोही नाबालक सन्तानसँग बस्दै आएका छन्‌ भने कोही छोरा, बुहारीको अपशब्दमा आफ्नो जीवन बिताई रहेका छन्‌ । यी समग्र महिला उत्तरदाता माथि के कस्ता प्रकारका हिंसा खेप्नु परेको छ भनी तलका तालिकाहरूमा देखाइएको छ ।

**तालिका ८ : उत्तरदातामाथि हुने हिंसाका प्रकारहरु**

| हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| शरीरिक हिंसा | २६ | ८१।२५ |
| मानसिक हिंसा | ५ | १५।६२५ |
| यौनजन्य हिंसा | १ | ३।१२५ |
| **जम्मा** | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथिको तालिका ८ अनुसार उत्तरदाता माथि भएका हिंसा मध्ये शारीरिक हिंसा ८१.२५ प्रतिशत, मानसिक हिंसा १५.६२ प्रतिशत र यौनजन्य हिंसा ३.१२ प्रतिशत भएको देखिन्छ । यसरी तथ्याकं हेर्दा समग्रमा सिलगढीको समुदायका महिलाहरूले सबैभन्दा वढी शारीरिक हिंसा पीडित बन्नु परेको देखियो ।

पितृसत्तात्मक सोच भएको हाम्रो समाजमा महिलाहरुको इच्छा विपरित उनीहरुमाथि विभिन्न किसिमका शारीरिक तथा मानसिक हिंसाहरु भईरहेका छन्‌ । महिलामाथि हुने हिंसाका विविध कारणहरु मध्ये बहुविवाह पनि एक हो । पुरुषहरुले पहिलो श्रीमतिबाट बच्चा नहुँदा वा रहरले अन्य बाहानामा दोस्रो बिवाह पनि गर्दछन्‌ । तर पहिलो श्रीमति आफूमाथि सौता ल्याए पनि चुपचाप सहेर बस्न बाध्य हुन्छ । यस सम्बन्धी कानून भएपनि यसको कार्यान्वयन हुन सकेको छैन । जसले गर्दा महिला हिंसा समाजबाट अन्त्य हुन सकिरहेको छैन । जसलाई घटना अध्ययन ३ ले स्पष्ट पार्दछ ।

**घटना अध्ययन ३**

डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा न. ६ सिलगढी घर भएकी लक्ष्मी ४६ वर्ष पुगीन्‌ । उनको १४ वर्षको उमेरमा विवाह भएको थियो । हाल ८ वटा छोरा छोरी छन्‌ । उनका श्रीमान चाहिँ

विद्यालयका शिक्षक हुन् । केहि वर्ष अगाडी कमलाका श्रीमानले दोस्रो विहे गरेको उनी बताउँछिन् । उनी भन्छिन् । "सानैमा विवाह भयो पढ्न पाइनँ विवाह भईसकेपछि घरको काम धन्दा सबै मैले गर्नु पर्छ । विवाह हुँदा मेरो श्रीमान् १० मा पढ्नु हुन्थ्यो । आफू नपढे पनि मैले श्रीमानलाई उच्च शिक्षासम्म पढाएँ तर उहाँले म सँग कहिल्यै राम्रो व्यवहार गर्नु भएन । सधै झगडा गर्नु हुन्छ । घरमा सासू-ससुरा नन्द देवरले पनि मसंग नराम्रो व्यवहार गर्दछन् । सौता ल्याएपछि त झनै उनको जीवन कष्टकर बन्यो । श्रीमान्ले दास्रो विवाह गरेको बेला उजुरी दिन खोज्दा उल्टै मर्ने धम्की दिएको र शारीरिक मानसिक यातना समेत दिएकोले आफूले डरले उजुरी गर्न नसकेको जस्तोसुकै पीडा पनि सहेर बसेको उनी बताउँछिन् ।"

## शारीरिक हिंसाः

श्रीमान्, परिवारका अन्य सदस्य वा तेस्रो पक्षवाट पनि मादकपदार्थको सेवन गरी या नगरी पनि शरीरलाई चोटपटक वा क्षती पुग्नेगरी भएका घटनाहरु उनीहरुले भोगिरहेको अध्ययनका क्रममा उत्तरदाता महिलाहरुले शारीरिक हिंसा भोगिरहेको बताउँछन् । यस्ता प्रकारका हिंसा उत्तरदाता महिलाहरुले साप्ताहिक तथा हरेक तेस्रो वा चौथो दिनमा वढीजस्तो परिवारका सदस्यवाट भोगिरहेको पाईन्छ । शरीर नै क्षत्विक्षतहुने गरी कुटपिट गर्ने, आगो लगाई दिने आदि जस्ता कार्यसम्म गरेको पाईन्छ ।

## मानसिक हिंसाः

महिलाहरुले महिला भएकै कारण उनीहरुले भोगेका मानसिक तनाब, चिन्तनका कारण मानसिक रुपमा हुने क्षतिलाई मानसिक हिंसा भनिन्छ । यस किसिमको हिंसा आजको दिनहरुमा महिलाहरुले बढी किसिमले भोग्नु परेको पाइन्छ । यस्तो हिंसाहरु महिलाहरुले घरमा मात्र नभई कार्यस्थल, सार्वजनिक स्थलमा समेत भोगेको देखिन्छ । मानसिक हिंसा श्रीमान्, परिवारवाट मात्र नभएर चिनेका तथा नचिनेका व्यक्तिहरुवाट समेत उत्तरदाता महिलाहरुले भोग्नु परेको छ । अपरिचित व्यक्ति वाट हुने हेराई, छुवाई, समाजले लगाएका विभिन्न अनैतिक लाञ्छना, महिला भएकै कारण प्रयोग गर्नुपर्ने छाउगोठको त्रास, विभिन्न धर्म संस्कृतिका नाममा गर्नहुने गर्ननहुने विविध चालचलन, छोराको चाहना र दाईजो नल्याउँदा सहनुपर्ने व्यवहार आदिका कारण उनीहरुले सहनु परेको मानसिक पीडा नै यसका अनेक स्वरुप तथा प्रकारका उदाहरण मात्र हुन् । यस्ता सामाजिक परम्परा तथा अभ्यासका कारण उनीहरु आफ्ना पीडा सहेर बस्न बाध्य भएको पाईन्छ ।

**आर्थिक हिंसाः**

आर्थिक स्रोत साधनमाथिको अधिकार, पहुंच र शक्तिका कारण महिलाहरुले भोग्नु परेको हिंसा आर्थिक हिंसा हो । यस्ता हिंसा उत्तरदाता महिलाहरुले विभिन्न प्रकारका सम्पत्तीमाथिको अधिकार, पहुँच र प्रयोगको सवालमा हिंसा भोगिरहेको पाईन्छ । रोजगारी तथा आर्थिक लाभ तथा उत्पादानको कार्यमा संलग्नता नभएको अवस्थाले महिलाहरु यसवाट वढी पीडित हुनुपरेको छ । पुरुष सरह नै आर्थिक उत्पादनका कार्यमा महिलाहरु संलग्न हुदापनि महिला भएकै कारण उही सम्मान र स्तर नपाउनु सामाजिक संरचनामा नै जडोगाडेको पितृसत्तात्मक सोच पाईन्छ ।

**४.३.२ घरेलु हिंसाका स्वरुपः**

घरेलु हिंसा परिवारका कुनै सदस्यबाट अन्य वा अर्को कुनै सदस्यमाथि गरिने हिंसा हो । विश्व समुदायमा नै घरेलु हिंसाबाट कुनै वर्ग, जातजाति अछुतो रहन सकेको छैन। घरेलु हिंसा भोगिरहेका मनिसले शारीरिक, मानसिक, यौनिक तथा आर्थिक यातनाहरू सहनुपरेको हुन्छ । अध्ययनक्षेत्रको महिलाहरुमा भएको हिंसाका स्वरुप हेर्ने हो भने, प्रस्तृत तालिकाले प्रष्ट्याउने प्रयास गरिएको छ ।

**तालिका ९ उत्तरदाता महिलामाथि भएको हिंसाको स्वरुप**

| **हिंसाका स्वरुप** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| वृद्धाअवस्थामा हेरचाहको अभाव | १ | ३।१३ |
| झै-झगडा | ७ | २१।८८ |
| छोरा र श्रीमान्बाट हेपाई | ५ | १५।६३ |
| कामको अत्यधिक बोझ | ७ | २१।८८ |
| छाउपडी प्रथा | ३ | ९।३८ |
| जाँडरक्सी खाएर मारपिट | ९ | २८।१३ |
| **जम्मा** | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथिको तालिकामा उत्तरदाता महिलाहरूले भोगेका हिंसाको स्वरुपको अवस्था देखाइएको छ । यो तालिका अनुसार महिलाहरू आफ्नो परिवारमा विभिन्न नाता र सम्बन्धले गाँसिएका हुन्छन् । छोरी, आमा, बुहारी, हजुरआमा, सासू, पत्नीको हैसियतले आफ्नो जिम्मेवारी पूरा गरीरहेको हुन्छन् । उत्तरदाता महिलाका अनुसार वढीउमेरका महिलाहरूले

उचित माया ममताको कमी जस्तो हिंसाको सामना गर्नु परेको छ । छोरी, बुहारी तथा पत्नीले छाउपडी, जाँडरक्सी खाई कुटाई तथा गालीगलौज जस्ता हिंसा भोगी रहेका छन् । सबै ठाउँमा हुने सबै प्रकृतिका हिंसाहरुमा पुरुषका तुलनामा महिलाहरु नै बढी प्रभावित भएका देखिन्छन् अझ पुरुष प्रदान समाजमा हिंसाका लक्ष्य महिलाहरु बनेका छन् । समाजमा छोरा र छोरीप्रति गरिने विभेदपुर्ण व्यवहारहरुले विभेदपुर्ण सामाजिकसंरचनाको निर्माण गरेको छ । जुन समाजमा पुरुषहरु प्रदत्त गुणकै आधारमा आफू उच्च भएको ठान्दछन् । समाजमा असमान लैंगिक भूमिका,असमान ज्याला, जोखिमपुर्ण कार्य आदिका मान्यताले समाजमा हिंसा बढाईरहेको छ ।

### ४.३.३ शारीरिक हिंसाको अवस्थाः

कुटपिट, जावरजस्ती गर्भपतन गर्न लगाउनु, महिलाहरुलाई कामको बोझ थपेर दुःख दिनु जस्ता व्यवहारहरुका साथै महिलाहरुको शरीरलाई लक्षित गरी पीडा पुर्‍याउने सबै प्रकाका व्यवहारहरुलाई शारीरिक हिंसा भनिन्छ । उत्तरदाता महिलाहरुमध्ये कसैले शारीरिक हिंसा भोगिरहेको बताउँछन् । श्रीमानले जाँड रक्सि खाएर वा नखाएर पनि कुटपिट गरेको र कसैलाई घरपरिवार वा अन्य सदस्यहरुले पनि शारीरिक यातना दिएको उत्तरदाता बताउँछन् ।

**तालिका १० : उत्तरदाता महिलाहरुको हिंसाका प्रकार**

| शरीरिक हिंसा | संख्या | प्रतिशत |
|---|---|---|
| कुटपीट | १२ | ४६।२ |
| जवरजस्ती गर्भपतन | ८ | ३०।८ |
| कामको बोझ थपेको | ६ | २३।१ |
| **जम्मा** | २६ | १०० |

स्रोत :स्थलगत अध्ययन २०७८

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरु मध्ये ४६.२ प्रतिशत महिलाहरु कुटपीटवाट, ३०.८ प्रतिशत महिलाहरु जवरजस्ती गर्भपतनवाट र २३.१ कामको बोझ थपेको जस्ता शारीरिक हिंसावाट पीडित हुनु परेको छ । समाजमा यस्ता हिंसाका कारण महिलाहरु विभिन्न रोगहरुवाट ग्रसित हुने, अंगभगंहुने, आत्मबल घट्ने तथा सामाजिक कार्यहरुमा

सहभागी हुने नसक्ने गरी असर पनि परेको पाइन्छ जसले समाजमा महिलालाई थप कम्जोर र असमानता सृजना गर्न सहयोग पुग्दछ ।

### ४.३.४ हिंसाका दोषिहरुः

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुमाथि घर परिवारका सदस्यहरुवाट विभिन्न समयमा गरेका हिंसाहरु घटेको बुझियो । घटीत हिंसा को द्वारा घट्यो जस्ता सूचना संकलित गरी उत्तरदाता महिलाहरुको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : उत्तरदातामाथि घटीत हिंसाका पीडकहरु**

| **पीडक पक्ष** | **हिंसाको प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| लोग्ने | कुटपिट, गाली गलौज, अपहेलन | १५ | ४६।८८ |
| परिवारका महिला सदस्हरू | कुटपिट, शारीरिक यातना | ८ | २५।०० |
| देवर र जेठाजु | मानसिक यातना, डर | ४ | १२।५० |
| समाज | असुरक्षा, हेला, भेदभावपूर्ण व्यवहार | ५ | १५।६३ |
| | **जम्मा** | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथिको तालिका ११ अनुसार उत्तरदाता माथि भएका हिंसामा पीडक पक्षका रुपमा लोग्ने, सासू, नन्द, ससुरा, देवर आदि रहेका छन् । जसमध्ये लोग्नेबाट कुटपिट, गाली गलौज र अपहेलनामा परेका महिलाहरूको ४६.८८ प्रतिशत, परिवारका महिलाबाट २५ प्रतिशत, देवर र जेठाजुबाट पीडित १२.५० प्रतिशत र समाजबाट १५.६३ प्रतिशत गरी ५ जना हिंसाका सिकार भएका रहेछन् ।

यसरी हेर्दा अध्ययन क्षेत्र समुदायका महिलाहरूले धेरै रुपमा श्रीमान्बाट हिंसा पीडित बन्नु परेको देखियो भने परिवारका अन्य सदस्यहरुवाट पनि हिंसा पीडित भएको देखिन्छ । कतिपय अवस्थामा परिवारभित्रका सासू, ससुरा लगायतका परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा लोग्नेलाई कुरा लगाई पिट्न लगाइएको पनि पाइयो भने, विधवाहरूले समाजका यौन व्यवहारिकहरूको दुर्वव्यवहार सहनु परेको बताएका छन् र अविवाहित महिला भने सौतेनी आमाका दुव्यवहारले सानो उमेरमा विवाह

गर्न बाध्य भएको पाइयो । समाजमा जडोगाडेको पुरुषवादी सोचले गर्दा यसको प्रभाव परिवार हुदै श्रीमान्मा वढीमात्रामा देखिन्छ ? जसले घरेलुहिंसाका पीडकहरुमा लोग्ने नै वढि हुन्छन् । श्रीमान् पश्चात परिवारका सदस्य र समाज पनि यसका पीडक हुन्छन् जुन समाजमा हुने विभिन्न सामाजिक कुसंस्कार, कुरीति, अन्धविश्वास आदिका कारण अनेक आरोप जस्तै बोक्सी, टुनामुना गर्ने आदि पर्दछन् । श्रीमतीले श्रीमान् भन्दा धेरै कमाउनु हुदैन भन्ने, मान्यताले उनीहरुविच ल्याउने मतभेद, रिस र आवेगले हिंसा घटाउने गर्दछ । यसमा समाजको नै मुख्य भूमिका पाईन्छ ।

**घटना अध्ययन ४**

दिपायल सिलगढी नगरपालिका वडा न.६ सिलगढी निवासी वर्ष ४३ कि कृष्णाको १५ वर्षको उमेरमा विवाह भएको थियो । उनका श्रीमान कमाउनका लागी भारत जाने गर्दछन् । उनीचाहीँ घरधन्दा खेतीपाती गर्दछिन् । उनका ७ वटा छोरीहरु र १ छोरा छन् । छोरा पाउने निहुँमा धेरै छोरीहरु जन्माएको उनी बताउँछिन् । छोरा नपाएको भनि श्रीमान र घरपरिवारले उनलाई बारम्बार मानसिक यातना दिईरहेका थिए । धेरै पटक सुत्केरी हुँदा शल्यक्रिया गरी वच्चा जन्माएको हुदा शरीर साह्रै कमजोर थियो तर पनि उनले छोरा नपाउन्जेल परिवारवाट शारीरिक, मानसिक, आर्थिक, सामाजिक, यौनजन्य हिंसा भोगिनै रहनुपरेको कुरा उनी बताउन्छिन । बच्चा जन्माउन दबाब दिनुका साथै अझैं पनि छोरी जन्मे अर्को विवाह गर्ने समेतको धम्की आफ्नो श्रीमानले दिएको उनी बताउँछिन् । आफ्नो परिवार, माइती, समाज, छोरीहरुको भविष्य जस्ता कारण उनी आफुमाथि भएको हिंसा सहेर बस्न बाध्य भइन् । आठौं सन्तानको रुपमा छोराको जन्मले उनले परिवारवाट पाएको हिंसाहरुको अन्त्य र सबैले त्यसपछि माया, सम्मान गरेको कुरा बताउँछिन ।

पितृसत्तत्मक धारणले ग्रस्त हाम्रो समाज परम्परादेखि पुरुषकै अधिनमा रहदै आएका महिलाहरु हिंसाबाट बढी प्रभावित छन् । समाजिक संरचनाको निर्माण नै छोरा र छोरीप्रति गरिने विभेदपुर्ण व्यवहारहरुले गरेको छ । जैविकिय रुपमा छोरा र छोरी हुने निर्धारण गर्ने जीनगत तत्व पनि उसैसंग छ तर पनि छोरी पाउने महिलाले उसको लोग्ने, घरपरिवार तथा समाजबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा यातना असहयोग तथा हिंसाहरु पाउँछे । अर्को तर्फ महिला आर्थिक रुपमा पनि त्यति सक्षम भएको पाईदैन । प्रायः महिलाहरु संयुक्त परिवारमा बस्दछन् । उनीहरु घरायसी काममा बढी संलग्न हुने देखियो । पुरुषहरु चाहिँ आर्थिक कारोवार गर्ने, पैसा कमाउने र घरको सम्पुर्ण स्वामित्व पुरुषकै रहेको देखियो । जसलाई घटना अध्ययन ४ ले देखाएको छ ।

### ४.३.५ श्रीमान् द्धारा घटित हिंसाका कारणः

अध्ययन क्षेत्रका महिलाहरु माथि हुने गरेको हिंसाहरुको पीडकको रुपमा रहेको महिलाहरुको श्रीमान् वाट नै हो । हाम्रो सामाजिक संरचना, परिवेश, धर्मशास्त्र जास्ता पौराणीक धार्मीकग्रन्थहरुको प्रभाव, सामाजिक देखासिखी, महिलामाथि हिंसाले पुरुसोत्व कायम हुने धारण आदि जस्ता कारणले घट्ने गरेको छ । यी मध्ये नमुनाको रुपमा छनौट उत्तरदाता महिलाहरुसंग संकलित सूचनाका आधारमा श्रीमान्द्धारा घटित घटनाका कारणवारे प्रस्तुत तालिकाबाट प्रष्ट्याइएको छ ।

**तालिका १२ : उत्तरदातामाथि घटीत हिंसाका कारणहरु**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| छोराको चाहना | ६ | ४०।०० |
| परिवारको उक्साहट | ३ | २०।०० |
| बेरोजगारी | २ | १३।३३ |
| मदिरा सेवन | २ | १३।३३ |
| आर्थिक अभाव | २ | १३।३३ |
| **जम्मा** | १५ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथिको तालिका १२ अनुसार उत्तरदाता माथि भएका हिंसामा पीडक पक्षका रुपमा रहेको श्रीमान्वाट महिलाहरुले विभिन्न कारणवाट हिंसामा पर्ने गरेका छन् । माथिको तालिका हेर्दा छोराको चाहानाका कारण ४० प्रतिशत, परिवारको उक्साहटवाट २० प्रतिशत, बेरोजगारी, मदिरा सेवन र आर्थिक अभावका कारण चाहीँ समानरुपमा १३.३३ प्रतिशत हिंसाका कारणको रुपमा रहेका छन् ।

यसवाट समाजमा रहेको महिला प्रतिको दृष्टिकोण, व्यवहारले पुरुषहरु आफ्ना श्रीमतीमाथि हिंसा गरिरहेको पाइन्छ । यसले समाजमा महिलाहरुको असमान अवस्था सहजै देखाएको छ । यिनै कारणहरुवाट महिलाहरुमा दिनदिनै हिंसा घटिरहेको छ ।

**घटना अध्ययन ५**

दिपायल सिलगढी नगरपालिका वडा न.६ सिलगढी निवासी वर्ष ३२ कि राधिकाको १९ वर्षको उमेरमा विवाह भएको थियो । उनका श्रीमान मजदुरीको काम गर्दछन् । उनी चाहीँ घरधन्दा कृषि पेसामा आबद्ध छिन् । उनका २ वटा छोरीहरु र २ छोरा छन् । उनी

घरधन्दामा रातदिन नभनी खट्नुका साथै केही थप आर्थिक लाभका लागी खाली समयमा कृर्षि पेसामा समेत संलग्न हुन्छिन् । उनका श्रीमान् दिनभरी मजदुरी गरेर राती सोही दिनभरीको कमाई वाट मद्यपान गरी घर आउँछन् । छोरा छोरीकै अगाडी अनेक लाञ्छना श्रीमतीलाई लगाई कुटपिट गर्ने गर्दछन् । यसले उनीमात्र हैन परिवारका अन्य सदस्य छोराछोरी, छरछिमेकी समेत तनाबमा रहेका हुन्छन् । यस्तो प्रायः जसो हरेक तेस्रो चौथो दिनमा दोहोरीने गरेको उनी बताउँछिन् ।

## ४.४ सामाजिक हिंसाप्रति स्थानीय दृष्टिकोण:

### ४.४.१ महिला अधिकारसम्बन्धी जानकारी:

महिलाहरु महिला भएकै कारण असमानताको अवस्था नआउन दिन उठान भएका अधिकारका सवालहरु नै महिला अधिकार हो । यस्ता असमानता समाजमा धेरै हुने गरेको थुप्रै अध्ययन तथा अनुन्धानहरुले पनि देखाइसकेको छ । यस्ता महिला अधिकारका सवालहरुलाई उठान गरी समानता ल्याउन विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रयासहरु भइनै रहेको पाईन्छ ।

प्रस्तुत अध्ययनले पनि स्थानीय महिलाहरु महिला अधिकार सम्बन्धी जानकारीको अवस्था ज्ञात गर्नका लागी तथ्यहरु संकलन गरेको छ जसलाई देहायको तालिकाद्धारा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ : महिला अधिकार संम्बन्धी जानकारी**

| महिला अधिकार वारे जानकारी | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | ४६ | ९७।८७ |
| नभएको | १ | २।१३ |
| **जम्मा** | ४७ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथिको तालिका १३ अनुसार उत्तरदाता महिलाहरु ४७ जना महिलाहरु मध्ये महिला अधिकार वारे जानकारी भएका ४६जना र जानकारी नभएका महिला १जना पाईयो । अध्ययन क्षेत्र सिलगढी जिल्ला सदरमुकाममा भएको विकास र यहा रहेको विभिन्न सरकारी

तथा गैरसरकारी कार्यालयहरुको उपस्थिती, महिलाहरुको विभिन्न सकृय संजाल, विद्यालय तथा विश्वविद्यालयको उपस्थिती रहेकोले यहाको सूचना तथा संचारको वृहत क्षेत्रले पुर्‍याएको योगदानले पनि महिला अधिकार वारे जानकारी अधिकाशंमा रहेको देखिन्छ ।

### ४.४.२ घरेलु हिंसा प्रतिको धारणाः

अध्ययन क्षेत्रका स्थानीय महिलाहरुको विचारमा घरेलु हिंसा आफैमा समाजमा जगडिएर रहेको सामाजिक समस्या हो । यसले महिलाहरुलाई सामाजिक, आर्थिक, राजनीतिक रुपमा विकासको बाधक झैँ महिलाहरुको प्रगतिको पथमा बाधक बनेको उहाहरुको धारण रहेको छ । घरेलु हिंसा शारीरिक, मानसिक, आर्थिकरुपमा यहाको समाजमा हुने गरेको छ र सो को कारणहरु समाजमा भएको महिलाप्रतिको धारणा नै मुख्य रुपमा रहेको उत्तरदाता महिलाहरुको भनाई छ । यस्ता हिंसाहरु पहिलेका दिनहरुको तुलनामा हाल केहि कम भएको छ, तर यसको स्वरुप पनि परिवर्तन भएको छ । हिजोको दिनमा यस्ता हिंसाहरु शरीरिक रुपमा वढी हुने गरेको थियो भने आजको दिनमा मानसिक तथा आर्थिक हिंसाको संख्या वढेको छ । समग्रमा उत्तरदाता महिलाहरुको धारणा घरेलु हिंसाले केवल महिलालाई मात्र नभई सम्पुर्ण समाजलाई नै विकासको दृष्टिकोणमा पछाडी पार्दछ ।

### ४.४.३ संगठनवारे सचेतनाको अवस्थाः

समाज हितका लागी समुदायका व्यक्तिहरु मिलेर सामाजिक कार्यमा अग्रसर हुने संरचना संगठन हो । संगठनले स्वस्फुर्त रुपमा समाजको भलाईका लागी समुदायलाई अग्रसर गराई सामाजिक संगठनहरुले कार्य गर्दछन् । यस्ता प्रकारका संगठनहरु महिला अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरु जिल्लाको सदरमुकाम रहेको यस अध्ययन क्षेत्रका महिलाहरु पनि जानकार रहेको पाईयो । अध्ययनका क्रममा उत्तरदाता रहेका ४७ जना महिलाहरु मध्ये १ जना महिला वाहेक सबैले महिला अधिकारवारे काम गर्ने संस्थाका बारेमा जानकारी नभएको पाईयो । यस क्षेत्रको महिलाहरुमा पनि महिला अधिकार वारे काम गर्ने संस्थाका वारेमा जानकारी नभएको हुनु भनेको यो क्षेत्रको समाजको धारणमा रहेको जनचेतनाको कमी देखिन्छ । गरिवी, अशिक्षा, बेरोजगारी आदिका कारण समाजमा देखिएको लैगिंक विभेदद्धारा महिलाहरुको अवस्थालाई यसको मुख्य कारण मान्न सकिन्छ । समाजमा प्रचलनमा रहेको परम्परागत सोच धारणा आदिले महिलाहरुको सोचलाई फराकिलो हुन नदिई घरभित्रै आबद्ध हुने व्यवहारले उनीहरु यस वारेको जानकारीवाट अनविज्ञ रहेको पाईन्छ ।

### ४.४.४ महिला विरुद्धहुने घरेलु हिंसाको वढदो वा घट्दो स्वरुपवारे धारणाः

पितृसत्तात्मक सोचले ग्रस्त समुदायमा रहेको परम्परागत धारण, चलन तथा धार्मिक आस्थाका कारण घटने महिला विरुद्धको हिंसावारे स्थानीय महिलाहरुको विचारमा यस्तो घटना पहिलेका दिनहरु भन्दा हिजोआज कम भएको भनाई छ । यो संगै हिंसाका स्वरुपमा पनि परिवर्तन देखिन्छ । महिलामाथि हुने हिंसा हिजोको दिनमा शारीरिक हिंसाका घटना वढि मात्रामा हुने गरेकोमा हाल मानसिक, आर्थिक, यौनिक हिंसाका पनि घटेको देखिन्छ । हिजो रहेको अशिक्षित समाज आज शिक्षित बनेको छ, हिजो रहेको गरिवी आज घटेको पनि छ, वेरोजगारी दर घटेको छ, जनचेतना बढेको आदि कारणवाट समाजमा महिला विरुद्धहुने घरेलु हिंसा घटेको छ भने यस्ता कारणले महिला माथिहुने हिंसाको स्वरुपमा पनि परिवर्तन भएको छ ।

## ४.५ हिंसा विरुद्ध विभिन्न संगठनहरुको भूमिकाः

महिला माथि हुने घरेलु हिंसा विरुद्ध विभिन्न संगठनहरुले काम गर्दै आईरहेका छन् । जसमा विभिन्न सरकारी तथा गैरसरकारी संगठनहरु पर्दछन् । यस्ता संगठनहरुले महिला विरुद्ध हुने घरेलु हिंसा रोक्न राष्ट्रले व्यवस्था गरेका कानूनी व्यवस्थताहरुलाई कार्यान्वयन गराउने, महिलाहरुको विभिन्न आवश्यकता अनुसार उनीहरुलाई आत्मनिर्भर गराउने, सहभागितामा वृद्धि गर्ने, स्वरोजगार तथा रोजगारीमा आवद्ध हुने वातावरण सृजना गर्ने कार्यमा अग्रसर रहेर भूमिका निर्वाह गर्नुपर्ने उत्तरदाता महिलाहरु बताउन्छन् । यस्ता संगठनहरुले हिंसा पीडित महिलाको न्यायको लागी आवश्यक सहयोग, महिलाहरुलाई समाजमा पुनःस्थापना गराउने जस्ता कार्यमा अहम् भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । समाजमा आवद्ध विभिन्न प्रकारका व्यक्तिहरुको मनसाय फरक फरक नै हुन्छ जसका कारण यस प्रकारका हिंसाहरु घटीरहेको हुन्छ । यस्ता संगठनहरु समाजमा सक्रिय रहेर समाजका सबै व्यक्तिहरुलाई समेटेर आफ्ना कार्यक्रम मार्फत समाजमा घट्ने यस्ता प्रकारका घट्नाहरु कम गर्न अहम् भूमिका रहने देखिन्छ ।

### ४.५.१ पीडितहरुलाई सहयोग गर्ने संस्थाका प्रकारहरुः

अध्ययन क्षेत्र दिपायल सिलगढी नगरपालिकामा घरेलु हिंसा विरुद्ध विभिन्न संगठनहरुले काम गर्दै आईरहेका छन् । सक्रिय रुपमा रहेका विभिन्न सरकारी तथा

गैरसरकारी संगठनहरु यहां रहेको पाईन्छ । जिल्ला सामाजिक विकास कार्यालय, जिल्ला प्रहरी कार्यालयमा रहेको महिला सेल, दिपायल सिलगढी नगरपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा जस्ता कार्यालयहरु संघिय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारका कार्यालयहरुको रुपमा रहेको छ । गैरसरकारी संस्थाका रुपमा महिला अधिकार मञ्च, मावन अधिकारका लागी एकल महिला समूह, राष्ट्रिय दलित महासघं, रुडुक नेपाल, सामुदायिक विकास केन्द्र, सामुदायिक विकास मञ्च, सोर्स नेपाल, सम विकास केन्द्रले यस क्षेत्रमा महिला अधिकार क्षेत्रमा विभिन्न काम गर्दै आईरहेको पाईन्छ । यस्ता संगठनहरुले समाजमा रहेको व्यक्तिहरुलाई समेटेर आफ्ना कार्यक्रम मार्फत् समाजमा घट्ने यस्ता प्रकारका घट्नाहरु कम गर्न अहम् भूमिका निर्वाह गर्नु रहेको हुन्छ ।

## ४.६ महिला विरुद्धहुने घरेलु हिंसाका सामाजिक कारण तथा स्वरुपहरु:

नेपाली समाजमा जे जति घरेलु हिंसाका घटना हुन्छन् तिनीहरुमा प्राय जसो विवाहित वा एकल महिलाहरु परेका हुन्छन नै । महिलाहरु महिला भएकै कारण वढी मात्रामा हिंसाको सिकार बन्ने गरेको पाइन्छ । महिलाहरु विभिन्न कारणले हिंसाको सिकार बन्ने गरेका छन् । जस्तै आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक कारण हुन्छन् । यस अध्ययनमा नमुना छनौटमा परेका उत्तरदाताहरूले भोगेका हिंसाका कारण तथा स्वरुपहरुलाई तलको तालिकावाट प्रस्तृत गरिएको छ ।

**तालिका १४ उत्तरदाता महिलामाथि भएको हिंसाको कारण तथा स्वरुप**

| हिंसाका कारण र स्वरुप | वृद्धाअवस्थामा हेरचाहको अभाव | झैझगडा | छोरा र श्रीमानबाट हेपाई | कामको अत्यधिक बोझ | छाउपडी प्रथा | मारपिट | जम्मा |
|---|---|---|---|---|---|---|---|
| अशिक्षा | १ | १ | २ | १ | ३ | ० | ८ |
| गरिबी | ० | ३ | १ | २ | ० | ० | ६ |
| दाईजो | ० | १ | ० | २ | ० | ० | ३ |
| जाडं रक्सी सेवन | ० | २ | २ | १ | ० | ९ | १४ |
| बहुविवाह | ० | ० | ० | १ |  | ० | १ |
| **जम्मा** | १ | ७ | ५ | ७ | ३ | ९ | ३२ |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथिको तालिकामा उत्तरदाता महिलाहरूले भोगेका हिंसाको कारण तथा स्वरुपको अवस्था देखाइएको छ । यो तालिका अनुसार महिलाहरूले अशिक्षाका कारण ८ जना, गरिबीका कारण ६ जना, दाईजोका कारण ३ जना, जाडंरक्सी सेवनका कारण १४ जना र बहुविवाहका कारण १ जना महिलाहरुले हिंसा भोग्नुपरेको छ ।

अशिक्षाको कारणले गर्दा महिलालाई खाली घर भित्र सिमित राख्ने, भनेको समयमा भनेको काम नभएमा श्रीमतिलाई कुट्ने तथा छोरी बुहारीलाई गाली गर्ने गरेको पाइयो । त्यसैगरि दाईजो नल्याएको वा कम ल्याएको निहुमा घरका सदस्यहरुले मानसिक पीडा, गाली, बेइज्जत वा अपशव्दहरू प्रयोग गरेको पाइयो । विधावा पहिलालाई हुने खानेहरूले गोप्यरुपमा बोक्सिको आरोप लगाउने, अनेकथरी भनाइहरू सुनाउने गरको पाईयो । महिलाहरू पीडित भए पनि समाज तथा घर परिवारको डरले गर्दा कसैलाई केही भन्न नसकि चुप लागेको पाइयो । गरिबीका कारण पढ्न नपाएको कारण केही नजान्ने भन्दै वहुविवाह गरेको र पहिलो श्रीमतीलाई हेला गरेको, तथा विभिन्न लाञ्छना लगाइ घरबाट निस्कन बाध्य गराइएको कुराहरू अध्ययनको क्रममा थाहा भयो ।

### ४.६.१ महिला विरुद्धहुने घरेलु हिंसावारे सूचनादाताको रायः

भनिन्छ महिला पुरुष बराबरी भनेर तर आजको दिनमा पनि महिलाहरुले यो भनाई व्यवहारिक रुपमा भोग्न पाएका छैनन् । महिला र पुरुष प्राकृतिक रुपमा जन्मदा कुनै भेदभाव र हित तरिकाले जन्मन्छन् तर समाजले विस्तारै विभिन्न सोच, परम्पराले बाधेर आकाश जमिनकै फरक पर्ने गरी असमानता सृजना गरिदिन्छ । हाम्रो जस्तो परम्परावादी समाजका पछिल्लो पीढीले नयाँ पिढीलाई नारी शोषणका कुराहरु केही न केही रुपमा सिकाई रहेका हुन्छन जसले समाजमा यस्ता घटनाहरु घटी रहेको हुन्छ । समाजका यस्ता कृरीति, कुसंस्कार न्यूनिकरण मात्र हैन जडैदेखि हटाउन आवश्यक रहेको छ । महिलाहरु आजको २१औं शताब्दी अनुसार विकासको पथमा पुरुष सरह अगाडी बढन यस्ता सामाजिक समस्याहरु तगारोको रुपमा रहेको छ । महिलालाई विकासको पथमा पुरुषसरह समान सहभागिता गराउन राष्ट्रले व्यवस्था गरेका कानूनहरुको सहिरुपमा कार्यान्वयन गरि महिलाहरुको आवश्यकता अनुसार उनीहरुलाई सामाजिक, राजनैतिक, आर्थिक पक्षमा विकास गर्नु जरुरी छ । मुख्य गरी विकासका प्रमुख पक्षहरु उद्योग, व्यापार, व्यवसाय, पर्यटन जस्ता क्षेत्रमा महिलाहरुलाई उनीहरुको क्षमता र सिपअनुसार रोजगारीको व्यवस्था गर्नाले गरिबी बेरोजगारी अभाव आर्थिक निर्भरता अशिक्षा जस्ता कारण हुने हिंसालाई

समाधान गर्न सहयोग पुग्दछ भन्ने सूचनादाताहरुको राय रहेको छ जसले समाजमा महिलाको स्थान पुरुष सरह कायम गरी समानता ल्याउन सहज देखिन्छ ।

### ४.६.२ महिला विरुद्धहुने घरेलु हिंसाको मुख्य सामाजिक कारण वारे सूचनादाताको सुझावः

महिला माथि हुने यस्ता मानव अधिकारको विरुद्धको अपराधका कारणहरु सामाजिक, राजनीतिक, आर्थिक जस्ता विविध पक्षहरु रहेको हुन्छन । यसको सामाजिक कारणहरु नियाल्दा अध्ययन क्षेत्रका सूचनादाताका अनुसार समाजमा रहेका सोच, आचरण, क्रियाकलाप, व्यवहार जस्ता पक्षहरु श्रीमान्, परिवारका अन्य सदस्य तथा समाजका सदस्यहरुमा हावी सोचले यस्ता घटना घटाइरहेका हुन्छन् । समाजले गर्ने विभिन्न धार्मिक तथा परम्परागत कुसंस्कार, प्रथा र परम्पराको निरन्तरताको नाममा महिलामाथि बोक्सीको आरोपले शारीरिक हिंसा, छाउपडीका कारण शारीरिक तथा मानसिक हिंसा, पेसा तथा नौकरी गर्नहुने र नहुने नाममा आर्थिक हिंसा, महिलाहरु पुरुषको दासीको रुपमा रहनु पर्ने मान्यताले घटाउने यौनिक हिंसा जस्ता कारणहरु रहिआएका छन् । यसको समाधानको लागी पछिल्लो पुस्तालाई उनीहरुकै सहजताको आधारमा र नया पुस्तालाई फरक आधारमा जनचेतनाका कार्यक्रम संचालन गरी राज्यले विभिन्न कार्यगर्नुपर्ने जसमा सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वयले समाजमा सामाजिक कारणवारे महिला विरुद्धहुने हिंसा समाधानमा सहयोग पुग्ने सूचनादाताहरुको सुझाब रहेको छ ।

### ४.६.३ मुख्य सूचनादातासंगको अर्न्तवार्ताका मुख्य उपलब्धीः

अध्ययनका लागी लिइएको मुख्य सूचनादाताहरुको रुपमा अधिवक्ताको बुझाईमा महिला विरुद्धहुने घरेलु हिंसाको अवस्था खासगरी यस अध्ययनक्षेत्रको सन्दर्भमा अन्य क्षेत्रको भन्दा भिन्नरुपमा शारीरिक, मानसिक, लैंगिक, यौनजन्य हिंसा हुने गरेको छ । यस्ता घरेलु हिंसाका कारणमा सामाजिक, आर्थिक, राजनीतिक जस्ता कारणवाट सृजना हुने अवस्था, आचरण रहेका हुन्छन् । राज्यले व्यवस्था गरेको नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन तथा जनचेतनाको अभिवृद्धिले यसको समाधान सहयोगी भूमिका निर्वाह गर्न सकिन्छ ।

त्यसै गरी मुख्य सूचनादाताको रुपमा एक राजनीतिकर्मीको बुझाईमा महिला विरुद्धहुने घरेलु हिंसाको अवस्था दिपायल सिलगढी नगरपालिका तथा समग्र डोटी जिल्लामा अझै पनि खासै कमी नआएको तर अधिकाशं महिलाहरु यस्ता प्रकारका घट्नाहरुलाई लुकाउने छिपाउने गर्ने गरेको छ । यसमा समाजिक परम्परालाई खास गरी मुख्य घटकको

रुपमा लिन सकिने उहाँको दृष्टिकोण रहेको छ । समाजमा वस्ने ब्यक्तिहरुको आचरण नै समाजले कायम राखेको प्रथा परम्परा तथा रीतिरिवाजमा भर परेको छ । यस्ता प्रकारका प्रथा खार गरि हाम्रो समाजमा रहेका पितृसत्तात्मक सोचले महिलालाई दमन र हिंसा सहनुपर्ने सिकाई रहेको र पुरुषको स्थान उच्च राखेकोले यसले घरेलु हिंसालाई उक्साउने गरेको छ । यस्ता प्रकृतिका घटना हुन नदिन समाजको चेतनाको स्तरलाई सुद्धढ पार्नुपर्ने हुन्छ जसले सचेत नागरिकवाट यस्ता घटना रोक्न र समाधान गर्न सहयोग हुन्छ ।

एक सामाजिक अभियन्ताको रुपमा यस प्रकारको घरेलु हिंसाका कारण समाजलाई लिनु नै पर्दछ र यो हो पनि भन्नुहुन्छ सामजिक अभियन्ता । घरेलु हिंसालाई लुकाउने तथा यसलाई घरायसी समस्या तथा निजी मामिलाको रुपमा समाजले लिएको हुदा यसले थप प्रस्रय पाएको हो । समाजले जबसम्म यसलाई सामाजिक समस्याको रुपमा हेर्दैन र यसको समाधानको लागी सामुहिक प्रयास नगरेसम्म यसको समाधानमा राज्य तथा सरकार पक्षले जति लगानी गरेपनि बालुवामा पानी सरह हुने धारण रहेको छ ।

यस अध्ययनका लागी लिइएको मुख्य सूचनादाताहरुको रुपमा पत्रकारको बुझाईमा महिला विरुद्धहुने घरेलु हिंसाको अवस्था, कारण र समाधानकालागी गर्नुपर्ने कार्यहरुवारे जानकारी पाईनु यस अर्न्तवार्ताका मुख्य उपलब्धी रहयो । महिलामाथि हुने हिंसाका कारणहरुमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक पक्षहरु रहन्छन भन्ने रहेको छ भने हिंसाका स्वरुप तथा प्रकारहरु शारीरिक हिंसा (कुटपिट, हत्या, ज्यान मार्ने उद्योग, आगो लगाउने आदि) मानसिक हिंसा (गाली गलौज) आर्थिक हिंसा (सम्पत्तिमाथि पहुँच नहुनु, उत्पादनका साधनमाथि पहुँच नहुनु) सामाजिक हिंसा (दाईजो, बोक्सी, बालबिवाह, बहुविवाह, छाउपडी प्रथा) यौनजन्य हिंसा (जवरजस्ती करणी, उद्योग करणी, यौन दुर्व्यवहार) रहेका छन् । महिलाले घरेलु हिंसा खासगरी दैनिक,साप्ताहिक,मासिक रुपमा सामना गरेको पाइन्छ । यस प्रकारको हिंसा घटनुमा खासगरी महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर नभएका कारण घरेलु हिंसा हुने गरेका छन् र महिलाहरुले भविष्यको चिन्ता गरेर हिंसा सहन बाध्य भएका छन् ।

महिला अधिकारकर्मीको रुपमा हामीले महिलाको अधिकारको रक्षाको लागी गरेका कार्यले मात्र महिला हिंसामा कमी आएको त हामी भन्दैनौ तर सचेत भने आजको नारीहरु भएको छन् । महिलाहरुमाथि हुने घरेलु हिंसाको एकै मात्र कारण हो भन्ने अवस्था रहेको छैन किन भने यो सामाजिक समस्या हो, त्यसैले समाजसंग जोडिएको कुनै एकमात्र क्षेत्र छैन

त्यसलाई आर्थिक, राजनीतिक तथा समाजसंग जोडिएका हरेक पक्ष वरावर कारणको रुपमा रहेका छन् । समाजमा महिलाहरुप्रतिको दृष्टिकोणले उनीहरु जन्मजात देखि असमानताको सिकार हुने, आत्मनिर्भर नभएका कारण आर्थिक रुपमा अरुपमा निर्भर भएर हिंसा हुने, सामाजिक रुपमा पारिवारीक तथा आर्थिक अवस्थाको कारण हिंसावाट सिकार महिलाले नै कुनै न कुनै रुपमा व्यहोर्नु पर्ने हुन्छ । यसको दिगो समाधानका लागी खाली कुनै एक पक्षको प्रयासले सम्भब छैन । सरकारी पक्ष, सामाजिक पक्ष, आर्थिक पक्ष आदिले आफ्नो आफ्नो क्षेत्रवाट उचित कदमले समाजलाई रुपान्तर गर्न आजको आवश्यकता बनेको छ ।

एक प्रहरी कर्मीको रुपमा उहाले देखेको महिलामाथि हुने घरेलु हिंसाका कारणहरुलाई सामाजिक पक्षसंग जोडेर उहाले सूचना दिनुहुन्छ । महिलाप्रतिको सोच र दृष्टिकोण नै यसको मुख्य कारण रहेको छ । समाजको परिवर्तनले व्यक्तिहरुका सोच परिवर्तन भए पश्चात् यस्ता घट्ना घट्दै जाने बताउनुहुन्छ ।

## ४.७ सामाजिक हिंसाका कारणहरुः

हानिकारक सामाजिक मूल्यमान्यतावाट निर्देशित भई परम्परा तथा सांस्कृतिका आडमा महिला माथि समाजकै व्यक्तिहरुवाट गरिने हिंसा नै सामाजिक हिंसा हो । विश्व हाल सूचना र प्रविधिको मद्दतले आधुनिक युगमा पुगिसक्दा पनि हाम्रो नेपाली समाजमा महिला विरुद्धको हिंसा कायमै रहेको सुन्दा अच्चमै लाग्न सक्छ ।

राजनीतिमा भएको महिलाको न्यून सहभागिताले गर्दा नीति निर्माणको तहमा पुहुच प्रभावकारी रुपम नभएको पाईन्छ । जसले गर्दा महिला मैत्री कानून बनाउने मात्र होइन सोको कार्यान्वयनमा पनि कमी कमजोरी पाईन्छ जसले हिंसा बढ्न प्रक्षय पाउँछ ।

राजनीतिक मात्र नभएर आर्थिक तथा प्रशासनिक क्षेत्रमा भएको न्युन सहभागिताले महिला प्रतिको दृष्टिकोणमा असमानता र हेपाह प्रवृति पाईन्छ । अझै सामाजिक संरचना नै पितृसत्तात्मक र पुरुष प्रधान सोचले भरिएकोले अनेकौ खालका अन्धविश्वास, गरिबी, अशिक्षा र पछौटेपनले गर्दा महिलाहरुलाई दासिका रुपमा व्यवहार गर्ने मानसिकता रहेको पाइन्छ । यस्ता कारणहरुले गर्दा हामो समाजमा परिवारवाट मात्र नभई समाजवाट समेत महिलाहरु आफुमाथि भएको पीडा दबाएर, पिल्सीएर पीडित भएर बस्न बाध्य छन् ।

### ४.७.१ पितृसत्तात्मक समाजः

पितृसत्ता एउटा परिवार संरचना हो जहाँ परिवारका जेष्ठ पुरुष सदस्यले त्यस परिवारलाई नियन्त्रण र निर्देशन गरेको हुन्छ । वर्तमान समयमा महिला तथा पुरुषकाविच प्रशस्त असमानताहरु रहेका छन् जसले महिलाहरु वढी दमित छन् । समाजमा रहेको पितृसत्ता र यसै अनुरुपको सामाजिकीकरणको प्रक्रियाले महिला र पुरुषलाई विभेद रहन सक्ने परिस्थितिको सिर्जना भएको छ । अर्कातिर महिलाहरु समान रुपमा समेटिन नसकेको अवस्था पनि छ । तर सम्पन्न, शिक्षित तथा धनी देशहरुमा रहेका महिलाको तुलनामा गरिब देशका महिलाहरुको अवस्था झन कमजोर खालको छ । यद्यपी पुरुष सरहका व्यवहार, अधिकार र पहुच भने विश्वका कुनै पनि देशका महिलाहरुमा रहन सकेको छैन ।

अध्ययन क्षेत्रको समाज पनि पुरुषप्रधानवाट अछुतो रहन सकेको छैन । यहाको सामाजिक संरचनाले महिलाहरुलाई अगाडी वढ्न समस्याको रुपमा अघी सर्ने पाइएको छ । महिलाहरुले के गर्नुपर्ने, के गर्ननहुने, पहिरन, बोलीचालनी, हिडँडुलको समय जस्ता सामाजिक बाधाहरुले महिलाहरुलाई असमानता सृजना गरी हिंसालाई प्रक्षय दिएको पाइन्छ ।

### ४.७.२ सामाजिक अभ्यासः

सामाजिक अभ्यासले त्यस समाजको बास्तविकता झल्काउन सहयोग गर्दछ । समाजले धारण गरेको परम्परा, प्रथा, चलन आदिवाट समाजको चरित्रलाई उजागर गर्दछ । समाजिक अभ्यासले नै समाजमा आबद्ध ब्यक्तिहरुको अवस्था वताउन अहम भूमिका निर्वाह गर्दछ त्यसैले यस अध्ययनमा अध्ययनक्षेत्र दिपायल सिलगढी नगरपालिका वडा नं.६को सामाजिक अभ्यासलाई नियाल्ने प्रयास गरिएको हो । सिलगढीमा पूर्वाधारको राम्रो विकास भएपनि र शैक्षिक क्षेत्रमा पनि छोरीवेटीलाई शिक्षा लिन राम्रो विद्यालय वा अन्य शहरमा पठाउने क्रम बढेको छ तर उनीहरुको स्वतन्त्रतामा भने रुढीवादी परम्परा र अन्धविश्वासको भने कमी भएको छैन । शिक्षाले वालविवाहमा कमि आएको छ तर छोराको महत्व र छाउपडी प्रथा मान्ने कुरामा कुनै प्रगति भएको छैन । पहिला महिनावारी हुँदा छोरीलाई विद्यालय नपठाउने चलन थियो भने आजकाल यसमा परिवर्तन भएको देखिन्छ । यस समुदायका महिलाहरु आफ्ना परिवारका पुरुष सदस्यमाथि निर्भर छन्, निर्णय प्रक्रियामा उनीहरुको सहभागिता कम छ । आफ्नो नाता तथा उमेर अनुसार महिलाहरुले विभिन्न किसिमका हिंसा भोगेका छन् । पहिलेको दिनहरुमा उमेर नपुगी विवाह, निरन्तर

सन्ताउत्पादन जस्ता कार्यले प्रक्षय पाएकोमा हालको दिनहरुमा यस्ता अभ्यासहरुमा कमि आएको छ ।

### ४.७.३ धर्म, सांस्कृति र परम्परा:

धर्म, संस्कृतिले समाजलाई एक आपसमा एकताको सिमा बाधेको हुन्छ । नेपाली समाज १० ठुला धर्म तथा १२५ विभिन्न जातजातीहरु मिलेर बनेको समाज भएकोले प्रत्येक जातजातीका आ–आफ्नै भाषाहरु, संस्कृति र परम्परा रहेको पाइन्छ । अध्ययन क्षेत्रमा पनि धेरै हिन्दु धर्मालम्बीहरुको बाहुल्यता रहेको पाइन्छ । विभिन्न चाडपर्व विहाबारीमा आफ्नै संस्कृतिअनुसारको चलन प्रयोग पाइन्छ । फरक फरक जातजाती भएपनि एकै क्षेत्रमा बसोबास गरिसकेपछि सहकार्यको संस्कृति यहाँको समुदायले आफूलाई समावेश गराएका छन् । बोलिचालीमा नेपाली र डोटेली भाषाको नै बढी मात्रामा प्रयोग हुने गरेको छ । यस क्षेत्रका मानिसहरु हिन्दु संस्कृति परम्परा अनुसार जन्म देखि मृत्यु प्रयत्नका संस्कारको अवलम्बन गर्ने गरेको पाइयो ।

### ४.७.४ आर्थिक निर्भरता:

अध्ययन क्षेत्रका महिलाहरू आर्थिक रूपले कमजोर भएकोले आफ्नो दैनिक गुजारा गर्न विभिन्न खालका पेसा अपनाएको पाइयो । यहाँको महिलाहरूको मुख्य आम्दानीको स्रोतको रूपमा जागिरलाई लिएका छन् भने अन्य पेसाका रूपमा व्यापार, व्यवसाय, कृर्षि, मजदुरी गर्दै आएका छन् । उनीहरूको मुख्य पेसाको रूपमा जागिर गर्नु, सिलाईकटाई गर्ने, सानातिना पसल गर्ने र सहायक काममा कुखुरा पालन, बंगुरपालन पनि गर्ने गरेका पाइन्छ ।

**तालिका १५ उत्तरदाता महिलाहरुको आर्थिक निर्भरता**

| **पेसागत विवरण** | **महिला संख्या** | **प्रतिशत** |
|---|---|---|
| जागिर | १४ | २९।७९ |
| व्यापार। व्यवसाय | ८ | १७।०२ |
| कृषि | ७ | १४।८९ |
| मजदुर | २ | ४।२६ |
| गृहणी | १६ | ३४।०४ |
| **जम्मा** | ४७ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७८

माथिको तालिकामा उत्तरदाता महिलाहरूले अपनाएको पेसालाई देखाइएको छ । यसले उनीहरुको आर्थिकरुपमा रहेको आत्मनिर्भरता तथा परनिर्भरतालाई हेर्न सकिन्छ । तालिकामा अधिक महिलाहरु गृहणीहरुको रुपमा रही आर्थिक रुपमा परिवारमा नै परनिर्भर रहेको ३४.०४ प्रतिशतले देखाउन्छ । त्यसै गरी जागिरे २९.७९ प्रतिशत, व्यापार तथा व्यवसायमा १७.०२ प्रतिशत, कृर्षीमा १४.८९ प्रतिशत र मजदुरी ४.२६प्रतिशत महिलाहरुले अपनाएको पेसाले महिलाहरु आर्थिकरुपमा आत्मनिर्भर हुनुका साथै परिवारमा आर्थिक सहयोग गरिरहेको देखिन्छ ।

यसरी महिलाहरु घरधन्दा सहित बाहिरको कार्यमा व्यस्त भएको पाईन्छ । परिवार, घर चलाउन आर्थिकरुपमा पनि योगदान गर्दा गर्दौ पनि कुनै न कुनै बहानामा विभिन्न प्रकारका हिंसाको सिकार हुनु परेको ज्ञात हुन आउँछ ।

### ४.७.५ जनचेतनाको कमी:

अध्ययनक्षेत्रमा होस् चाहे अन्य स्थानमा महिला अधिकार तथा यस सम्बन्धी बनेका कानूनहरुको प्रभावकारी रुपमा नहुनु नै यस्ता हिंसा घटिरहेको पाईन्छ । समाजमा महिलाका हक अधिकारको रक्षा र सम्मानका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बनेका कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइदैन । यस्तो जनचेतना हिंसाका पीडित महिलाहरुको चेतनाको अवस्था के कस्तो छ भनि प्रस्तुत तालिकाले देखाउँछ ।

**तालिका १६ : महिला अधिकार र नियम कानूनवारे जानकारी**

| महिला अधिकार सम्बन्धित कानूनी व्यवस्था वारे जानकारी | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | ४६ | ९७।८७ |
| नभएको | १ | २।१३ |
| **जम्मा** | ४७ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७८

तालिका नं. १० अनुसार अधिकांश उत्तरदाता महिलाहरू शिक्षित भएका कारण ९७.८७ प्रतिशत महिलालाई कुनै पनि महिला अधिकार र कानून सम्बन्धि जानकारी भएको र १ जना उत्तरदाता महिला अशिक्षाका कारण महिला अधिकार सम्बन्धित कानूनी व्यवस्थावारे जानकारी नभएको पाईयो । यसरी अध्ययनको उत्तरदाता महिलाहरूबाट तथ्याङ्क

संकलन गर्दा कानून सम्बन्धि सामान्य ज्ञान मात्र जानकारी भएको र उक्त कुरा पनि टि.भि. तथा रेडियो, साथीभाई, सधैजसो हुने गरेको र्‍याली तथा विभिन्न कार्यक्रमहरु, आमासमूहको वैठक आदिबाट सुनेको पाइयो । महिला अधिकार तथा यस सम्बन्धी भएका कानूनी व्यवस्थाहरुवारे जानकारी हुदाँपनि धेरै जसो महिलाहरु आफूमाथि हुने हिंसाहरु सहन बाध्य छन् । अधिकाशं महिलाहरु सामाजमा परिवार, माईतीको मान प्रतिष्ठा, डर, धम्की, छोरा छोरीको भविष्य जस्ता कारण समाजमा आफूमाथि हुने हिंसा सहेको पाईन्छ । समाजको सामाजिक अवस्था, अभ्यासले यसलाई वढावा दिएको कारण महिलामाथि हिंसा हुने गरेको पाईन्छ ।

### ४.७.६ सिपको अभावः

महिला माथि हुने हिंसाका प्रमुख कारणहरु मध्ये आर्थिक पक्षले सामाजिक आयामसंग सम्बन्ध रहेको कारण हिंसा हुने गर्दाछ । आत्मनिर्भर महिलाहरुले कम मात्रामा हिंसका भोग्नु परेको हुन्छ भने श्रीमान् तथा परिवारमा निर्भर महिलाहरुले बढीमात्रामा हिंसा भोगेको देखिन्छ । अध्ययन क्षेत्रको महिलाहरुपनि आत्मनिर्भर भए नभएकोमा यस अध्ययनले समेटन खोजिएको छ । जसमा अध्ययनमा समेटिएका महिलाहरु मध्ये २२ जना जागिर तथा व्यवसायमा संलग्न रहेको पाइन्छ र २५ जना महिलाहरु गृहणी, कृषि तथा मजदुरीमा आवद्ध रहेका छन् । यस्ता पेसा अपनाएको महिलाहरुमा कुनै विशेष सिपमा कमी भएको कारण उनीहरु घरमा नै आवद्ध रहेको उत्तरदाता महिलाहरु बताउँछन । यसले उनीहरु परिवारमा निर्भर रहि बन्धन र मर्यादामा बस्नुपर्ने हुन्छ । यसरी समाजको देखासिकी या धारणाले उनीहरुमा हिंसा घटाउने गर्दछन् ।

# परिच्छेद पाँच : सारांश र निष्कर्ष

## ५.१ सारांश :

महिलामाथिको घरेलु हिंसा एक सामाजिक अपराधका साथै मानव अधिकार विरुद्धको अपराध र गैरमानविय व्यावहार हो । यो महिलामाथि हुने शारीरिक, मानसिक, सामाजिक, धार्मिक यातनालाई लिन सकिन्छ । समाजको सचेतनाको स्तर, सामाजिक मूल्य मान्यता, प्रथा परम्परा, धर्म संस्कार आदिका नाममा महिलालाई विभेद गरिँदा महिला विरुद्धका घरेलु हिंसाका घटनामा कमि हुन सकेको छैन ।

अध्ययनका क्रममा छनोट गरिएका महिलाले भोगेका हिंसाको प्रकार, हिंसाका कारण, हिंसाको अवस्था बुझ्ने उद्देश्य अधययनका क्रममा थियो । अध्ययनसँगै सम्बन्धित विभिन्न पत्रपत्रिका, प्रकाशित लेख, रचना प्रतिवेदन, विद्वानहरूको भनाईबारे अध्ययनका क्रममा समिक्षा गरिएको छ । यस अध्ययनका लागी आवश्यक सूचनाहरू संकलन गर्न अन्तर्रवार्ताबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । यसका लागी अवलोकन, प्रश्नावली/अर्न्तरर्वाता, व्यक्तिगत अध्ययन प्रयोग गरिएको छ । अध्ययनका लागी दिपायल सिलगढी नगरपालिका अर्न्तगतको वडा नं. ६ सिलगढीलाई लिइएको छ ॥

अध्ययनको क्रममा उत्तरदाता महिलाले विभिन्न प्रकारका हिंसाहरू भोगेको पाइयो । उत्तरदाता महिलालाई शारीरिक, मानसिक, यौनजन्य हिंसाका छुट्टाछुट्टै प्रश्नहरू सोधेको थिए । मानसिक हिंसा पनि श्रीमान् र परिवारका अन्य सदस्यबाट हुने गरेको पाइयो । शारीरिक हिंसा अन्तर्गत श्रीमान्बाट हिंसा भएको पाइयो । श्रीमानले अत्याधिक रक्सी सेवन गरेर आएपछि श्रीमती पिट्ने वा घरको सदस्यबाट कुरा लगाई श्रीमतीलाई पिट्ने गरेको पाइयो । जसमा श्रीमान्बाट थप्पड हान्ने, घरेलु सामानले हान्ने, भुताल्ने, धकेल्ने जस्ता श्रीमान्बाट पीडित महिलामा रहेको पाइयो ।

यस अध्ययनका क्रममा छनोटमा परेका महिलाहरूमा उमेर अनुसार अध्ययन गर्दा ३० देखि ३९ वर्ष समूहका महिलाहरू बढि हिंसा पीडित भएको देखियो त्यसपछि २० देखी २९ वर्ष समुहका महिलाहरू हिंसा पीडित भएको देखियो । त्यस्तै अध्ययनको क्रममा सबैभन्दा कम १० वर्षदेखी १९ वर्ष उमेरका रहेका थिए । दिपायल सिलगढी नगरपालिका अर्न्तगतको वडा नं. ६ सिलगढीमा छनोटका महिलाहरू एकल र संयुक्त गरी दुई प्रकारका परिवारमा बस्दै आएका देखियो । जसमध्ये एकल परिवारमा ६१.७० प्रतिशत उत्तरदाता

महिलाहरू बस्दै आएको पाइयो भने संयुक्त परिवारमा ३८.३० प्रतिशत महिला बस्दै आएको पाइन्छ । यस अध्ययनबाट संयुक्त परिवारमा बस्दै आउने महिलाको संख्या भन्दा एकल परिवारमा बस्ने महिलाको सख्या वढी देखियो जहाँ उनीहरू आफ्नो श्रीमान र छोरा छोरीका बस्दै आएका छन् । एकल परिवारमा बस्ने महिलाले भोग्ने घरेलु हिंसा जहाँ श्रीमानले जाँड रक्सी सेवन गरी विभिन्न प्रकारले गाली गलौज गरी श्रीमतीलाई मानसिक तथा शारीरिक पीडा दिइएको पाइयो । त्यस्तै संयुक्त परिवारमा बस्ने महिलामाथि पनि घरका सदस्यहरू श्रीमान्, सासू, नन्द, देवर, जेठाजु, जेठानीले चरित्र माथि लाञ्छना लाएर माइतीलाई दोष लगाएर नपढेका कारण, छोराछोरी जन्माएका कारण र बच्चा नभएका कारण जस्ता विविध कारणहरू देखाएर महिला माथि शारीरिक तथा मानसिक हिंसा हुने गरेको पाइयो ।

अध्ययनक्षेत्र दिपायल सिलगढी नगरपालिका अर्न्तगतको वडा नं. ६ सिलगढीमा रहेका उत्तरदाता महिलाहरूका रूपमा ४७ जना महिलाहरू लिइएकोमा अविवाहित, विवाहित र विधवा महिलाको अध्ययन गरिएको थियो भने छनौटमा परेका महिलाहरूको जातिगत विवरणमा ब्राम्हण जाति अर्न्तगत महिलाहरूको संख्या ६ जना, क्षेत्री ९ जना, ठकुरी ५ जना, जनजाती १५ जना र दलित १२ जना रहेका छन् ।

प्रस्तुत अध्ययनको क्रममा महिलाको पेसाको पनि अध्ययन गरिएकोमा अधिक प्रतिशत महिलाहरू गृहणीको रुपमा रहेका, त्यस पछि जागिर, व्यापार व्यवसाय, कृषि र ज्यालादारी पेसा अवलम्बन गरेको पाइएको छ ।

दिपायल सिलगढी नगरपालिका अर्न्तगतको वडा नं. ६ सिलगढीमा बस्ने उत्तरदाता महिलाले शारीरिक, मानसिक र यौनजन्य हिंसाबाट शारीरिक समस्या मानसिक समस्या र स्वास्थ्य समस्या भोगेका बताएका थिए । उत्तरदाता महिलाहरूले भोगेका हिंसाको स्वरुपको अवस्था देखाइएको छ । यो तालिका अनुसार महिलाहरू आफ्नो परिवारमा विभिन्न नाता र सम्बन्धले गाँसिएका हुन्छन् । छोरी, आमा, बुहारी, हजुरआमा, सासू, पत्नीको हैसियतले आफ्नो जिम्मेवारी पूरा गरी रहेको हुन्छन् । उत्तरदाता महिलाका अनुसार वढीउमेरका महिलाहरूले उचित माया ममताको कमी जस्तो हिंसाको सामना गर्नु परेको छ । छोरी, बुहारी तथा पत्नीले छाउपडी, जाँडरक्सी खाई कुटाई तथा गालीगलौज जस्ता हिंसा भोगी रहेका छन् ।

शारीरिक हिसाको प्रकारवारे उत्तरदाता महिलाहरु मध्ये ४६.२ प्रतिशत महिलाहरु कुटपीटवाट, ३०.८ प्रतिशत महिलाहरु जवरजस्ती गर्भपतन वाट र २३.१ कामको बोझ

थपेको जस्ता शारीरिक हिंसावाट पीडित हुनुपरेको छ । समाजमा यस्ता हिंसाका कारण महिलाहरु विभिन्न रोगहरुवाट ग्रसित हुने, अंगभगंहुने, आत्मबल घट्ने तथा सामाजिक कार्यहरुमा सहभागी हुने नसक्ने गरी असर पनि परेको पाइन्छ जसले समाजमा महिलालाई थप कमजोर र असमानता सृजना गर्न सहयोग पुदछ ।

महिलामाथि हुने हिंसाका पीडकहरुका आधारमा उत्तरदाता माथि भएका हिंसामा पीडक पक्षका रुपमा लोग्ने, सासू, नन्द, ससुरा, देवर आदि रहेका छन् । जसमध्ये लोग्नेबाट कुटपीट, गाली गलौज र अपहेलनामा परेका महिलाहरूको ४६.८८ प्रतिशत, परिवारका महिलाबाट २५ प्रतिशत, देवर र जेठाजुबाट पीडित १२.५० प्रतिशत र समाजबाट १५.६३ प्रतिशत गरी ५ जना हिंसाका सिकार भएका रहेछन् ।

समग्र उत्तरदातामाथि जाँड, रक्सी सेवनका कारण हिंसा हुने गरेको त्यस्तै गरिवी तथा आर्थिक कारण, अशिक्षा, दाइजो , बहुविवाहका कारण हिंसा पीडित बनेका थिए । यसरी महिलाहरू माथि भएको हिंसाका कारण शारीरिक, मानसिक दुवै किसिमको असर पर्न गएको पाइएको छ ।

हाम्रो नेपाली समाजमा महिला हकहितको निम्ति बनाइएका कानूनको वारेमा पीडक तथा पीडित दुवै पक्षलाई जानकारी नहुँदा पनि यस अध्ययन क्षेत्रका महिलामाथि घरेलु हिंसाका घटना वढी रहेको देखिन्छ । उत्तरदाता महिलाहरू मध्ये ९७.८७ प्रतिशत महिलालाई महिला विरुद्धको हिंसा सम्बन्धमा भएको कानूनी व्यवस्था सम्बन्धि प्रावधानको जानकारी भएको पाइयो भने २.१३ प्रतिशत महिलाहरूमा सो सम्बन्धी जानकारी नभएको पाइयो । घर परिवारका सदस्यबाट हुने हिंसा समबन्धमा छुट्टै कानून बन्न नसकेको तथा आफू माथि भएका हिंसाका प्रमाण पुर्याईरहन कठिन हुने कारणले न्याय पाउन कठिन भएको पाइयो । हिंसा पीडित महिला जहाँ भन्न गएका छन् उनीहरूले रक्सी सेवन कम गर्ने, श्रीमान्, श्रीमती मिलेर बस्ने, परिवारको रेखदेख गर्ने, छोरी पनि छोरा सरह हुन् उनीहरूलाई राम्रोसँग पढाई आफ्नो खुट्टामा आफैं उभिनु पर्ने वातावरण सृजना गराइदिनुपर्दछ भन्ने धारण व्यक्त गरेका छन् तसर्थ अध्ययनका क्रममा उत्तरदाता महिलाहरूले धेरै प्रकारका हिंसाहरू भोग्दै आएका छन् । तर पनि कतिपय महिलाहरूले यस्ता हिंसालाई सामान्य रूपमा लिएको पाइयो । कतिपय महिलाहरूले घरपरिवार, श्रीमान्, तथा समाजमा अस्तित्व गुम्ला भन्ने डरले तथा छोरा छोरीको भविष्यका लागी यस्ता हिंसाहरू दबाएर राखेको पनि पाइयो ।

## ५.२ निश्कर्ष :

दिपायल सिलगढी नगरपालिका वडा नं.६ सिलगढी समुदायका उत्तरदाता महिलाहरू सामान्य शिक्षित, विद्यालय र विश्वविद्यालय स्तरसम्मको शिक्षित पाईयो भने ४.२६ प्रतिशत महिलाहरुमात्र अशिक्षित पाईयो । महिलाहरु शिक्षित भएपनि पारिवारीक, सामाजिक, शारीरिक, मानसिक रुपमा हिंसाको सिकार हुँदै आएका पाईयो । अध्ययनक्षेत्र जिल्ला सदरमुकाम रहेको हुदा विकासको कार्य ग्रामिण क्षेत्रभन्दा वढी भएको छ । यस क्षेत्रका महिलाहरु वढि गृहणीकै रुपमा रहेता पनि केही महिलाहरु जागिरे तथा व्यवार व्यवसाय, राजनीति, अधिकारकर्मीको रुपमा पेसामा संलग्न भएका छन् ।

यस क्षेत्रका महिलाले शारीरिक, मानसिक र यौनजन्य हिंसाको सिकार हुनुपरेको पाईन्छ । महिलाहरुमाथि उनीहरुका श्रीमान् तथा परिवारका अन्य सदस्य र समाजका सदस्य समेतवाट घटने घटनालाई ढाकछोप नै गर्नतिर लाग्ने तर सहन नसकी वा विकराल रुप लिएपछी मात्र अन्यत्र कानूनी उपचार तथा समाधानका लागी जाने गरेका उत्तरदाता महिलाहरु बताउन्छिन् । उत्तरदाता महिलाहरु आफूले घरको कामकाज सकेर नोकरी वा व्यवसाय तथा पारिवारीक व्यापारमा सहयोग गर्ने अवस्थामा पनि उनीहरुवाट केही कमजोरी हुँदा वा नहुँदा उनीहरुलाई नै दोषी ठहर्‍याउने, कामको सिलसिलामा महिलाहरुले अन्य पुरुषसंग बोलीचाली गरे, हाँसो ठट्टा गरे वा ढिला समयसम्म समय विताए उनीहरुको चरित्रमाथि नै सवाल उठाउने, नानाथरी हल्ला फैलाउने, बच्चा वा छोरा नै नपाएको कारण परिवारवाट अपशव्द तथा अपहेलीत हुनुपर्ने जस्ता कारणले महिलाहरुले पाईलापच्छिे नै हिंसाको सामना गर्नुपर्ने देखिन्छ ।

महिलाहरु परिवारमा निर्भर रहेको, सामाजिक लाञ्छनाको डर, धार्मिक प्रथा, परम्परा, परिवार तथा माइतीको मान प्रतिष्ठा, बालबच्चाको भविष्यका कारण हिंसा सहेर बसेको पाइयो । साथै अध्ययन क्षेत्रका महिलाहरु जतिसुकै शिक्षित तथा आत्मनिर्भर भए पनि आफ्नो श्रीमान्वाट हुने कुटपिट तथा गालीगलौज जस्ता कार्यलाई हिंसाका रुपमा नलिई सामान्यरुपमा लिनुर्ने बताउँछन् । महिलाहरुपनि अधिकारको नाममा वढी स्वतन्त्र भएर होला वा त्यस्तै व्यवाहारको प्रदर्शनीका कारण हिंसामा परेको उनीहरुको बुझाई रहेको पाईयो ।

धेरै जसो सासू बुहारीको हिंसाका कारण सासूले बुहारीलाई र छोरीलाई तथा बुहारीले आफ्नो आमा र सासूलाई समान व्यवहार नगर्ने कारण हिंसा घटेको हुन्छ । त्यसै गरी कामको बोझ थुपार्ने, बुहारीलाई हेप्ने, घरको महत्वपुर्ण निर्णयमा सहभागि नगराउने, जस्ता

घटनाले गर्दा महिला हिंसा वढि भएको देखियो । जवसम्म सासूले बुहारी र छोरीलाई समान व्यवहार र बुहारीले सासू र आमालाई समान व्यवहार गर्दैनन् हरेक घरमा महिलामाथि हुने हिंसामा कमी हुदैन् । यस संगसगैं यस अध्ययनका आधारमा भन्ने हो भने सामाजिक विकृतिका रुपमा रहेको जाड रक्सी सेवन गर्ने, श्रीमतीलाई पिट्ने, अनैतिक कार्य गर्ने, महिला वेचविखन गर्ने सम्बन्धमा कडा भन्दा कडा करवाही गर्ने र जाड रक्सी वक्रि वितरण नियन्त्रण गर्नुपर्ने पनि देखिन्छ । मुख्यरुपमा राष्ट्रले गरेको कानूनी व्यवस्थाहरुलाई कार्यालयन्वयनको पक्षमा प्रभावकारी बनाउनु पर्ने, भएका व्यवस्थाहरु वारेको जानकारी स्थानीय स्तर सम्मै गराउनुपर्ने, हरेक क्षेत्रमा महिला सहभागिता अनिवार्य गराई उनीहरुलाई आत्मनिर्भर  र सक्षम बनाउनु पर्ने देखिन्छ ।

समग्रमा हेर्दा अध्ययन क्षेत्रको सामाजिक संरचनामा अहम भूमिकामा रहेका सामाजिक संस्थाहरु महिलामाथि हुने घरेलु हिंसाका कारणको रुपमा रहेको देखिन्छ । महिलामाथिको सामाजिक दृष्टिकोण जुन परिवारवाट प्रारम्भ भएर समुदायसम्म प्रभाव पारेको हुन्छ । त्यसवाटै लैंगिकता, विवाह, धर्म, शिक्षा, राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रहरुमा हुने विभेद, असमानता जस्ता कारणले महिलाहरुप्रतिको दृष्टिकोणमा असमानता सृजना गरिदिने र सो बाट कालान्तरमा महिलाहरु नै पीडित भई संस्कार, धर्म, रीतिरिवाज, मान्यता जस्ता कुराले उनीहरुको जीवनस्तरमा नै प्रभावपर्ने गरेको पाईन्छ । यस्ता असमानता, विभेदले महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षमा पारेको प्रभावले उनीहरु महिला हिंसाको सिकार हुनु परेको छ । यस्ता हिंसालाई कम गर्न राज्यको तर्फवाट सामाजिक संरक्षण र सुरक्षा सम्बन्धी गरेको विभिन्न नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा जनचेतनाको स्तर वढाई सामाजिक संरचनाका विविध पक्षहरुको सकारात्मक दृष्टिकोणको निमार्ण गरी महिलामाथि हुने घरेलु हिंसा कम गर्न सकिन्छ ।

# सन्दर्भ सामाग्री


आचार्य, बलराम(२०७१), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाण्डौः नेशनल बुक सेन्टर, भोटाहिटी, ।

आचार्य, मीना, (वि.सं. २०५६), *अन्तर्वार्ता,* अस्मिता, पृष्ठ ८०, काठमाडौं ।

आचार्य, शंकर, (वि.सं. २०६७), *हिंसा एवं उत्पीडन विरुद्ध आवाज,* साउन लेख अंक ९ ।

गुरुङ्ग, अनु (वि.सं. २०७८ असोज १०) *महिला हिंसाको फेरिंदो स्वरुप,* कान्तिपुर ।

नेपाल सरकार (२०६६), *घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६,* काठमाण्डौः नेपाल कानून किताबखाना ।

केन्द्रिय तथ्याकं विभाग, (२०७५) *डोटी जिल्ला वृत्तचित्र,* काठमाण्डौ ।

चय जिल्ला समन्वय समिति, डोटी (२०७६),*डोटी जिल्लाको परिचय,* डोटी ।

थपलिया, डा. शान्ता (वि.सं. २०५४), *समय सापेक्ष साँचो, साप्ताहिक समकालीन प्रकाशन* ।

दाहाल, काशिराज (वि.सं. २०५८), *महिला विरुद्धको अपराध र नियन्त्रण सम्बन्धी कानूनी पक्ष प्रतिवेदन,* न्याय सेवा आयोग सचिवालय, परिशिष्ट-८ पृ..-५७

दिपालय सिलगढी नगरपालिका डोटी (२०७५), *दिपायल सिलगढी नगरपालिकाको गुरुयोजना २०७५,* सिलगढी डोटी ।

नेपाल सरकार (वैशाख १४ गते २०६६), *नेपाल राजपत्र खण्ड ५९ अतिरिक्ताङ्क ३,* भाग २, काठमाण्डौ, ।

नेपाल सरकार, (२०७१), *राष्ट्रिय योजना आयोगको सचिवालय,* काठमाडौंः केन्द्रिय तथ्याङ्क विभाग ।

भट्टराई, ज्ञानेश्वर (२००८), *महिला विकास अधिकृत परीक्षा दिग्दर्शन,* काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

भण्डारी, लक्ष्मी (वि.सं. २०६३), महिलाको प्रगतिका बाधक महिला नै हुन् त ? फागुन, *नारी पत्रिका,* बहस स्तम्भ, कान्तिपुर पब्लिकेशन, पृष्ठ १२ देखि १३ ।

भण्डारी, लक्ष्मी (वि.सं. २०६६ जेठ), बहस-मौनता तोड्यो घरेलु हिंसाले, *नारी पत्रिका,* अंक ७, कान्तिपुर पब्लिकेशन ।

भण्डारी, लक्ष्मी (२०६६ जेठ), महिला कानून र विकास मञ्च, *नारी पत्रिका,* अंक ७, पृष्ठ १०, २२-२३, स्रोत, कान्तिपुर पब्लिकेशन ।

मल्ल, सपना (२०६०), *यौनजन्य दुरव्यवहार, प्रतिवेदन, लैङ्गिक समानताको मूलप्रवाहिकरण कार्यक्रम,* लेखक ।

महिला कानून र विकास मञ्च (२०६७), *सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, २०६८ र महिलाका सरोकारहरू,* काठमाण्डौ, ।

राष्ट्रिय महिला आयोग, (२०५९) *न्यायका लागी आवाज,* लेखक काठमाण्डौ,।

राष्ट्रिय महिला आयोग, (आ.व. २०७०/२०७१), *वार्षिक प्रतिवेदन,* लेखक काठमाण्डौ,।

राजभण्डारी, डा. रेणु, (वि.सं. २०५५), *पारिवारीक हिंसा र महिला स्वास्थ्य, सयपत्री,* वर्ष २ पौष ।

सुबेदी, अनिता (वि.सं. २०७७ असार १८) *चर्किएको हिंसा, सेतेपाटी डट कम,* काठमाण्डौ ।

Bennett, Lynn (1979), *"Tradition and chance in the legal status of Nepalese Women."* in status of Women in Nepal. Vol. 1, Part-II

Bennett, Lynn (1983 A.D,), *Dangerous wives and scared sister*. Colombia University Press, New York.

Dedari, P.(2004 A.D.). *Domestic violence against women*: *A study in scatter settlement in Kathmandu.*

Kumar, Sunil (2008 A.D.), *www.questia.com/online-library* prepared by SAATHI, in Colaboration with the Asion Foundation.

The United Nations(1995). *Forth World Conference on Women; September 1995, Action for equality, Development Peace*. New York.

United Nations Population Found (UNFPA) (2000).*The State of World Population 2000,* New York.

United Nation Development Programme (UNDP), (1998), *Human Development Report1998.* New York.

UNDP(2004). *Human Development Report 2004,* New York.

UNDP(2008). *Human Development Report 2008,* New York.

World Bank (2005). *Gender contlict and development*. New York.

दिपायल सिलगढी नगरपालिका वडा नं.६ मा बसोबास गर्ने महिला विरुद्ध हुने घरेलु हिंसाका कारण र प्रभाव वारे अध्ययनको लागी तयार पारिएको महिलाहरु संगको

**अन्तर्वार्ता प्रश्नावली (Questionnaire)**

सिलगढीको समुदायका महिलाहरुमाथि हुने घरेलु हिंसा भन्ने विषयमा केन्द्रित रहेर गरिने अध्ययन अनुसन्धानका लागी तयार पारिएका प्रश्नावलिहरु ।

१. उत्तर दाताको परिचयः

नामः..............................थरः................जातजातीः...................

जातजाती कोडः(ब्रहमणः१, क्षेत्रीः२, ठकुरीः३, जनजातीः४, दलितः५)

उमेरः............ शिक्षाः..........(निरक्षरः१, सामान्यः२, विद्यालयः३, विश्वविद्यालयः४)

धर्मः........... परीवारको किसिमः एकल/संयुक्त

२. तपाईंको विवाह भएको छ कि छैन ? क) छ ख) छैन

३. यदि भएको छ भने विवाह गर्दा तपाई कति वर्षको हुनुहुन्थ्यो ? ..........

४. तपाईंको विवाहरुको प्रकार कस्तो हो ? क) मागी ख) भागी

५. तपाई शाक्षरताको अवस्था ?

क) निरक्षर ख) साधारण ग) विद्यालय तह घ) विश्वविद्यालय तह

६. यदि नपढ्नु भएको भए नपढ्नाको कारण के होला ?

................................................

७. तपाईंका छोरी छन् कि छैनन् ? क) छन् ख) छैनन्

यदी छन् भने छोराः....... छोरीः................

८. तपाईंले छोरीलाई पढाउन आवश्यक ठान्नु हुन्छ कि ठान्नु हुन्न ?

क) ठान्छु ख) ठान्दिन

यदि ठान्नु हुन्छ भने तपाईंले आफ्नी छोरीलाई कति सम्म पढाउने बिचार गर्नु भएको छ ?

क) प्राथमिक शिक्षा ख) माध्यमिक शिक्षा ग) उच्च शिक्षा

९. तपाईंको छरछिमेकमा छोरीलाई पढ्न नपठाएका पनि होलान् । तपाईंलाई यसरी छोरीलाई पढ्न नपठाउनुको कारण के होला जस्तो लाग्छ ?

क) आर्थिक अभाव भएकोले ख) घरमा काम गर्ने मानिसको अभाव भएकोले

ग) विवाह गरी अर्काको घर जाने भएकोले घ) अन्य...............................

१०. तपाईंले आफ्नो विवाहमा दाइजो ल्याउनु भएको थियो ?

क) ल्याएकी थिए ख) ल्याएकी थिइन ग) अन्य ..................

ल्याउनु भएको थियो भने किन ल्याउनु भएको थियो ?

..........................................................................................................

११. तपाईंको पेसा व्यवसाय के होला ?

क) कृषि ख) ब्यापार,व्यवसाय ग) ज्याला मजदुरी

घं) जागिर ङ)गृहणी

१२. तपाईंको श्रीमान्को शाक्षरताको अवस्था ?

क) निरक्षर ख) साधारण ग) विद्यालय तह घ) विश्वविद्यालय तह

१३. तपाईंको श्रीमान्ले के काम गर्नु हुन्छ ?

क) कृषि ख) ब्यापार,व्यवसाय ग) ज्याला मजदुरी

घं) जागिर ङ)वैदेशिक रोजगार च) अन्य

१४. तपाईंको आम्दानीको मुख्य स्रोत के हो ? ......................................................

१५. तपाईंको श्रीमान्ले आम्दानीको मुख्य स्रोत के हो ? .........................................

१६. तपाईंको समुदायका महिलाहरू बढी जसो कुन पेसामा संलग्न छन् ? .................

१७. तपाईंको श्रीमान्ले तपाईंप्रति गर्ने व्यवहार तपाईंलाई कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो ग) ठिकै

१८. तपाईंको घर र समुदायमा महिलालाई लाञ्छित गर्ने, कुटपिट गर्ने, राम्रोसंग खान लाउन नदिई हेला गर्ने या अन्य यस्तै खाले हिंसा वा दुर्व्यवहार हुने गरेको सुन्नुभएको छ ?

क) छ　　　　　　ख) छैन

१९. यदि छ भने कस्ता खालका हिंसा बढी हुने गरेका छन् ?

क) बोक्सी या यस्तै कुनै आरोप लगाउने　　ख) कुटपिट गर्ने

ग) राम्रोसँग खान लाउन नदिई हेला गर्ने　　घ) बच्चा धेरै जन्माउन बाध्य पार्ने

ङ) सौता हाल्ने

२०. तपाईं आफू पनि हिंसा वा दुर्व्यवहारको सिकार हुनु हुन्छ कि ?

क) छु　　　　　　ख) छैन

२१. तपाईं प्रति गरिने घरेलु हिंसा कुन बेला देखाइन्छ ?

क) रक्सी सेवन गरेपछि　　　　ख) लागुपदार्थ लिएपछि

ग) जुवा/तास खेलेपछि　　　　घ) अन्य कुनै

२२. तपाईंलाई परिवारका कुन कुन सदस्यबाट हिंसा वा दुर्व्यवहार गरिन्छ ?

क) पति　　ख) सासू ठड　　ग) नन्द अमाजू　　घ) देउरानी जेठानी

ङ) पति बाहेक परिवारका अन्य पुरुष सदस्य　च) परिवारका अन्य महिला सदस्य

२३. तपाईंप्रति भएको हिंसा सम्बन्धमा तपाईंले कुनै निकायलाई जानकारी दिनु भएको छ ?

क) छ　　ख) छैन

यदि छैन भने किन ?

क) आफ्नो इज्जत जाने डर　　　　ख) समाजबाट निकालिने डर

ग) घरबाट निकालिने डर　　　　घ) अन्य

२४. तपाईंले हिंसा सहनु भएको छ भने कस्तो प्रकारको हिंसा सहनु भएको छ ?

क) शारीरिक यातना (कुटपिट) ख) मानसिक यातना (गालीगलौज)

ग) दाइजोको कारणबाट घर निकाला घ) अन्य ..............................

२५. तपाईंमाथि हुने हिंसाका कारण के जस्तो लाग्छ तपाईंलाई ?

.....................................................................................................

२६. तपाईंले कस्तो प्रकारको शारीरिक समस्या भोग्नु पेरेको छ ?

क) काटेको ख) मर्केको ग) पोल्ने/डढाएको घ) हड्डि भाचिएक्को

ङ) दाँत भाचिएको च) अन्य.....................................................

२७. यस सम्बन्धमा सहयोग लिन खोज्दा उ/उनीसँग साँचो कारण बताउनु भएको छ ?

क) बताएको छु ख) बताएको छैन ।

यदि बताउनु भएको छ भने उ/उनले के सल्लाह सुझाव दिनु भयो ?

.....................................................................................................

२८. तपाईंको विचारमा घरेलु हिंसाबाट पीडित भएको महिलालाई कस्तो किसिमको सहायता चाहिन्छ ? क) सल्लाह र सुझाव ख) परिवारले हेरविचार गर्नुपर्छ ।

ग) पीडकलाई कानूनी कारबाही घ) खुला कानूनी सहयोग

ङ) औषधी उपचारमा सहयोग च) आर्थिक सहयोग

छ) पीडितलाई सहायता कार्यक्रम ज) अन्य..........................................

२९. के तपाईंले महिला अधिकारवारे सुन्नुभएको छ ? क) छु ख) छैन

३०. घरेलु हिंसा सम्बन्धी घटनाहरूको विवरण दिन महिलाहरूलाई के कुराले रोकेको छ ?

क) शिक्षाको कमी र अस्विकार ख) सामाजिक दवाव ग) आर्थिक कारण

घ) पुरुष दवाव ङ) संस्कृति र परम्परा च) अधिकार प्रति नकारात्मक अवधारणा

छ) अन्य कारण

३१. महिला प्रति गरिएका हिंसात्मक घटना हटाउन कुन कुन पक्षमा सुधार गर्नुपर्ला ?

क) ............................. ख) ................... ग) ............................

घ) ...................... ङ ) ...................... च) ......................

३२. तपाईंको बिचारमा घर वा समुदायमा महिलामाथि हुने हिंसा वा दुर्व्यवहार लाई नियन्त्रण गर्न सकिन्छ कि सकिंदैन ?

क) सकिन्छ ख) सकिंदैन

सहयोगका लागी धन्यवाद !

दिपायल सिलगढी नगरपालिका वडा नं.६मा बसोबास गर्ने महिला विरुद्ध हुने घरेलु हिंसाका कारण र प्रभाववारे अध्ययनको लागीतयार पारिएको मुख्य सूचनादाता संगको

**अर्न्तवार्ता प्रश्नावली**

उत्तरदाताको नामः.............................................................पदः.....................

कार्यालयः.............................................................................................................

१. तपाईंको विचारमा महिलामाथि हुने हिंसाका कारण के हुनसक्छ ?

...............................................................................................................

२. तपाईंको विचारमा महिलामाथि हुने हिंसाका स्वरुप कस्तो हुनसक्छ ?

...............................................................................................................

३. एउटा महिलाले तपाईंको विचारमा महिलामाथि हुने घरेलु हिंसा खासगरी कतिकति समयमा महिलाले पुनःभोगि रहनु परेको लाग्छ ?

नोटः ( ) भित्रभएको उत्तर छनौट गरीकलर गरिदिनुहोला ।

क) शारीरिक हिंसा : (दैनिक,साप्ताहिक,मासिक)मानसिक हिंसाः( दैनिक,साप्ताहिक,मासिक)

ख) यौनजन्य हिंसा : (दैनिक,साप्ताहिक,मासिक)

ग) सामाजिक हिंसा : (दैनिक,साप्ताहिक,मासिक)

घ) आर्थिक हिंसा : (दैनिक,साप्ताहिक,मासिक)

४. महिलामाथि हुने घरेलु हिंसा तपाइको प्रतिको धारणा के छ ?

...............................................................................................................

५. जिल्लामा महिलाअधिकार तथा विकास संम्बन्धीतकाम गर्ने संस्थाहरु कति र कुनकुन छन् ?

...............................................................................................................

६. तपाईंको विचारमा महिला विरुद्धहुने घरेलु हिंसाको वढ्दो वार घट्दो स्वरुप कस्तो छ ?

.......................................................................................................

७. तपाईंको विचारमा हिंसा विरुद्ध विभिन्न सामाजिक संस्थाहरुको भूमिका कस्तो रहेको पाउनु हुन्छ ? र ती संस्थाहरुले आफ्नो भूमिका सुधारगर्न के गर्नुपर्छ होला?

.......................................................................................................

८. तपाईंको विचारमा महिला विरुद्धहुने घरेलु हिंसाका सामाजिक कारण तथा स्वरुपहरु केके हुन सक्छ?

.......................................................................................................

९. महिला विरुद्धहुने घरेलु हिंसा रोक्न व्यक्तिगत, पारिवारीक, सामाजिक र राष्ट्रिय स्तरमा के गर्नुपर्ला जस्तो लाग्छ ?

.......................................................................................................

१०. तपाईंको विचारमा दिपायल सिलगढी वडा नं. ६को समाजिक परिवेशमा पुरुषचाहीँ जुवातास खेलेर बस्ने, रक्सी खाने जस्ता कार्यमा रमाउने महिलाहरु भने घरायसी काममा व्यस्त रहने तै पनि पुरुषवाट हेपिने, अपहेलीत हुने जस्ता खालका हिंसावाट पीडित हुनु परेको कुनै घटना छ ?छ भने सो को सानो परिचय दिनुहोस् :

.......................................................................................................

११. तपाईंको विचारमा दिपायल सिलगढी वडा नं. ६को समाजिक परिवेशमा पुरुष रक्सी खाने कारण महिला हिंसावाट पीडित हुनु परेको कुनै घटना छ ? छ भने सो को सानो परिचय ।

.......................................................................................................

सहयोगका लागी धन्यवाद !